CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास – प्रधान त्रैमासिक पत्रिका

६७

पूर्णा

संशोधन–मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का.मै.अ.इ. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलीको
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

–बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ भूटो गुण अथवा दोष नलाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१७ वर्ष

१ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी
(संशोधन–मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. २०।–

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयसूची

१. दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा
– महेशराज पन्त १–४२

२. यक्ष मल्लले गरिदिएका दुइवटा ताडपत्र
– महेशराज पन्त ४२–४६

३. हरिवंश शर्माले घरजग्गा किन्दा गरिएका दुइवटा फार्सेपत्र
– महेशराज पन्त ४६–४८

शुद्धिपत्र

६६ अङ्कको

पृष्ठ	पङक्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङक्ति	अशुद्ध	शुद्ध
१३	२३	३	२	१९	१३	पृष्ठबाट	पृष्ठबाट
१७	८	लेखनु भएको	लेखनुभएको	२०	२६	भागको	भागमा
१८	५	रघुबंश	रघुवंश	२५	३२	उहीले	उहीं
१८	१२	वेलाका	वेलाका				

६७ अङ्कको

पृष्ठ	पङक्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङक्ति	अशुद्ध	शुद्ध
४	२०	संत्कृत	संस्कृत	२०	२०	नभएको	नभएकी
१२	९	षण्डफीहरूको	षण्डफीहरूको[२७]	२३	२२	शण्ड, षण्ढ	शण्ड, शण्ढ
१२	२६	ओट्टो	२७. ओट्टो	२७	९	घेटां	धेटां
१३	२४	वामन	वामन	२७	२४	°सहितम् ।	°समेतम् ।
१५	१६	नैवार्ते वस्यागमः	नैवार्तवस्यागमः	३०	२	°नसमीक्ष्य	°नभिसमीक्ष्य
१६	५	हुन् ।	हून् ।	३१	२५	आभिभुखयम्	आभिमुख्यम्
१८	७	आँगो	आगो	३४	२०	°भिज्ञाविमार्शिनी	°भिज्ञाविमर्शिनी
१८	२७	महाभारतसंहिताका	महाभारतसंहिताको	३५	११	अफ् व	अफ् बि
१९	१२	नैवविधाः	नैवंविधाः				

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दरबारका भित्री लङमा टहल गर्ने थरीथरीका नपुंसकको विषयमा*

–महेशराज पन्त

लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा भन्ने मेरो निबन्ध पूर्णिमाको यसभन्दा अघिल्लो अङ्कमा छापिएको छ । *वर्षधर* वा *वर्षवर* कहिने एक प्रकारका नपुंसकको विषयमा त्यो निबन्ध भएकोले र त्यहाँ *तृतीयाप्रकृति* जस्ता नपुंसकको पनि प्रसङ्गवश चर्चा आएकोले दरबारका भित्री लङमा टहल गर्ने अरू अरू नपुंसकको विषयमा पनि आफूले जानेबुझेसम्मका कुरा यस निबन्धमा मैले लेखेको छु । मेरो यस निबन्धबाट प्राचीन भारतीय इतिहासको एउटा प्रश्नमा केही प्रकाश पर्ला भन्ने आशा पनि मैले गरेको छु ।

रनिवासमा थरीथरीका दर्जाका राजपत्नी, नर्तकी वा मदतगार आदिको हैसियतले रहने सत्र थरी स्वास्नीमान्छे-हरूको लक्षण[1] दिइसकेपछि *भारतीय नाट्यशास्त्र*मा यस्तो लेखिएको छ–

यत्स्यान्नपुंसकं नाम तृतीया प्रकृतिस्तु सा[2] ।
साप्यन्तःपुरसंचारे योज्या पार्थिववेश्मनि ।।

---

*वि. सं. २०४२ मा प्रकाशित पूर्णिमाको ६६ अङ्कका १–२७ पृष्ठमा छापिएको, महेशराज पन्तको *लिच्छविकालको एउटा अभिलेखमा परेको किरातवर्षधर भन्ने शब्दको विषयमा* भन्ने निबन्धको दोस्रो परिशिष्ट ।

१. *भारतीय नाट्यशास्त्र* २४।१४–४९ ।

[वि. सं. १९५१ मा मुम्बईबाट निर्णयसागर प्रेसद्वारा प्रकाशित, शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको *द नाट्यशास्त्र अफ् भरत मुनि* [भरत मुनिको नाट्यशास्त्र]का २७२–२७५ पृष्ठ ।]

२. *भारतीय नाट्यशास्त्र*को सम्बद्ध अंशको मैले तीन थरी संस्करण देखेको छु । तिनमा पहिलो शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको हो । दोस्रोचाहिँ, वि. सं. १९८५ मा बनारसबाट चौखम्बा संस्कृत सीरिज आफिस-द्वारा प्रकाशित, बटुकनाथ शर्मा र बलदेव उपाध्यायको *श्रीभरतमुनिप्रणीतं नाट्यशास्त्रम्* [श्रीभरतमुनिले बनाएको नाट्यशास्त्र] हो । तेस्रोचाहिँ, वि. सं. २०१३ मा कलकत्ताबाट एशियाटिक सोसाइटी अफ बङ्गालद्वारा प्रकाशित, मनोमोहन घोषको *द नाट्यशास्त्र अस्काइब्ड् टु भरत–मुनि* [भरत–मुनिको भनी ठानिएको नाट्य-शास्त्र] को दोस्रो भाग हो । तिनमा पहिलोमा (२४।५०)तृतीया प्रकृतिस्तु या, दोस्रोमा (३४।६१)र तेस्रोमा (३४।७०) तृतीया प्रकृतिः स्मृता भन्ने पाठ छापिएको छ ।

नेपाली लेखोट पुस्तकहरूमा तृतीया प्रकृतिस्तु सा भन्ने पाठ छ । यी तीन थरी पाठमध्ये नेपाली पुस्तकहरूमा भएको पाठ राम्रो लागेकोले मैले तृतीया प्रकृतिस्तु सा भन्ने पाठ यहाँ सकारेको हुँ । *दरबारका भित्री लङमा*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

स्नातकाः कञ्चुकीयाश्च तथा वर्षधराश्च ये ।
औपस्थायिकनिर्मुण्डाः कक्षास्थानेषु योजयेत् ।।
अपुमांसस्तु पुरुषा ये तु स्त्रीभोगवर्जिताः ।
एते त्वन्तःपुरचराः कार्या नित्यं हि नाटके ।।
द्वाःस्थन्तु[३] स्नातकं कुर्यादार्यमाचारसंयुतम् ।
प्रेषणे वार्थसंयुक्ते कञ्चुकीयान्नियोजयेत् ।।
तथा वर्षधरांश्चैव कामचारेषु योजयेत् ।
औपस्थायिकनिर्मुण्डाः स्त्रीणां प्रेषणकारणे ।।
मानकार्येषु नारीणां नियुञ्जीतानुचारिकाः ।
सद्योवृत्तान्तयोगज्ञं नाट्यागारे नियोजयेत् ।।
ये त्वल्पसत्त्वाः कुशलाः क्लीबाश्च स्त्रीस्वभाविनः ।
जात्या न दुष्टाः कार्ये च ते वै वर्षधराः स्मृताः ।।
नपुंसका ये पुरुषाः स्त्रीस्वभावेन वर्जिताः ।
निर्मुण्डा नामतो ज्ञेयाः कामविज्ञानवर्जिताः ।।
ये विद्यासत्यसंपन्नाः कामदोषविवर्जिताः ।
ज्ञानविज्ञानकुशलाः कञ्चुकीयास्तु ते स्मृताः ।।[४]

*भारतीय नाट्यशास्त्र*का यी श्लोकबाट दरबारका मित्री लङ्मा थरीथरीका नपुंसक खटाइन्थे भन्ने कुरा सजिलैसँग बुझिन्छ तापनि तिनीहरू कति थरीका हुन्थे भनी निर्णय गर्न भने सजिलो छैन । यसैले *नाट्यशास्त्र*का यी श्लोकको उल्था गर्नुभन्दा अगाडि यहाँ चर्चा गरिएका नपुंसकहरूको विषयमा विचार गर्नुपरेको छ ।

प्राचीन भारतीय वाङ्मय टीकासम्पत्तिले सम्पन्न भएकोले मूल ग्रन्थको आशय बुझ्न टीकाप्रटीकाको पनि सहारा लिने परम्परा रहिआएको छ । यसैले *भारतीय नाट्यशास्त्र*को अभिनवगुप्तले लेखेको टीका *अभिनवभारती*बाट हामीलाई परेको यस अङ्कोमा मदत मिल्थ्यो कि भन्ने मलाई लागेको छ । *अभिनवभारती* पटकपटक छापिए तापनि प्रसँग त्यो पुस्तक नभएकोले, यहाँका पुस्तकपसलमा त्यो पुस्तक नभेटिएकोले र यहाँका पुस्तकखानामा पनि हामीलाई चाहिने अंश भएको खण्ड भेट्टाउन नसकिएकोले *नाट्यशास्त्र*को माथिको अल्को फुकाउने काममा

टहल गर्ने थरीथरीका नपुंसकसम्बन्धी भारतीय नाट्यशास्त्रका श्लोकहरूको नेपाली लेखोट पुस्तकहरूमा पाइएका पाठ भन्ने निबन्धमा *नाट्यशास्त्र*का नेपाली लेखोट पुस्तकहरूमा भएको सम्बद्ध अंशका पाठ तीतीं पुस्तकका पुष्पिकावाक्यसहित मैले दिएको छु । सो निबन्ध पूर्णिमामा छापिँदैछ ।

३. शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबकोमा (२४।५३ मा) मूलमा वस्त्वन्ते (?) र पादटिप्पणीमा वास्तत्वे पाठ भएकोमा मनोमोहन घोषकोमा (३४।७३ मा) द्वाःस्थन्तु पाठ भएकोले त्यही पाठ यहाँ सकारिएको छ ।

४. *भारतीय नाट्यशास्त्र* २४।५०–५८ । शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको संस्करणको २७६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*अभिनवभारती*को सम्बद्ध अंशको मदत लिने काम अहिलेको लागि थांती राखी अरू अरू ग्रन्थबाट जो सकेको मदत लिई यो अल्झो फुकाउने कोशिश गर्नुपरेको छ ।[५]

---

५. पुस्तकखानाको राम्रो व्यवस्था नभएकोले काठमाडौंमा बसी शास्त्रीय विषयमा कलम चलाउँदा कहिलेकहीं सन्दर्भग्रन्थ नपुगी मेरा लेख अपूरा जस्ता हुन जान्छन् । यसको उदाहरणको लागि *कौटलीय अर्थशास्त्र*-सम्बन्धी मेरो एउटा लेखमा मैले यस्तो लेख्नुपरेको कुरालाई ओल्याउन सकिन्छ—

आइ रिग्रेट् नट् ह्याभ्इङ बीन् एब्ल् टु क्वोट् द ट्रान्स्लेशन् अफ् दि एफोर्सेड् भर्स् फ्रम् योहन् याकोब् मेयर्'ज् *दास् आल्ट्इन्डिश्चे बुख् फोम् वेल्ट्-उन्ड् स्टाट्स्लेवेन्* (हनोभर्—लाइप्जिग्, १९२५) । अन्फर्ट्युनट्ली, आउर् स्कल्अर्लि लाइब्ररिज् इन् काठ्मान्डू डू नट् ह्याभ् ए कप्इ अफ् दिस् स्प्लेन्डिड् ट्रान्स्लेशन् अफ् दि *अर्थशास्त्र* ह्विच् इज् सेड् टु बी इन् सम् केस्इज् सूपीर्इअर् ईभ्न् टु काऊले'ज् रीस्न्ट् ट्रान्स्लेशन् ।

(वि. सं. २०३७ मा काठमाडौंबाट नेपाल रिसर्च सेन्टरद्वारा र वीस्बादेनबाट कोमिस्योन्जफेर्लाग फ्रन्स स्टाइनरद्वारा प्रकाशित *जर्नल् अफ् द नेपाल् रिसर्च सेन्टर्* [नेपाल रिसर्च सेन्टरको पत्रिका] को चारौं भागमा छापिएको महेशराज पन्तको *अन् ए भर्स् अफ् द कौटलीय अर्थशास्त्र* [कौटलीय अर्थशास्त्रको कुनै श्लोकको विषयमा] भन्ने निबन्ध, सो भागको २७१ पृष्ठ ।)

[वि. सं. १९८२ मा हनोभर र लाइप्जिगबाट प्रकाशित, योहन याकोब मेयरको *दास् आल्ट्इन्डिश्चे बुख् फोम् वेल्ट्-उन्ड् स्टाट्स्लेवेन्* [लोकयात्रा र राजनीतिपद्धतिसम्बन्धी प्राचीन भारतीय पुस्तक] बाट उपर्युक्त श्लोकको उल्था सार्न नसकेकोमा मलाई दिक्क लागेको छ । काऊलेको हातैको उल्थाभन्दा पनि कहीं कहीं बेस छ भनी भनिएको यो उत्तम उल्थाको प्रति, विद्वत्तामय ग्रन्थ पाइने, काठमाडौंका हाम्रा पुस्तकखानाहरूमा दुर्भाग्यवश छैन ।]

संस्कृतमा लेखिएका बौद्ध ग्रन्थको इतिहास बम्बईमा बसी लेख्दा यस्तै खालको अप्ठेरो आफूलाई परेको विषयमा नरिमनले ६६ वर्षअघि लेखेको कुराको मलाई ऊबाट्ट अहिले सम्झना भएको छ—

आइ ह्याभ् इन्टाइर्ली डिपेन्ड्इड् अपन् विन्टर्निट्ज् इन् द फर्स्ट् थर्टीन् च्याप्टर्ज् । इट् वज् माइ इन्टेन्शन् टु ब्रिङ अप्-टु-डेट् द वर्क् ह्विज् अपीर्ड् अरिज्इन्लि इन् १९१३; बट् कमर्सल् बम्बे ह्याज् इभिन्स्ड् स्मल् केर् फर् लिट्अर्अरि रिसर्च् यान्ड् द बेस्ट् अफ् इट्स् लाइब्ररिज् आर् येट् इन्ओसन्ट् अफ् द लर्निड् सीर्इज् लाइक् दि एस्बीए. एस्डबूल्यूए. यान्ड् *तौङ् पाओ*, नट् टु मेन्शन् ए होस्ट् अफ् अद्अर् कन्टिनन्ट्अल् पीर्इअड्इकल्ज्, विद्आउट् ह्विच् इट् इज् इम्पस्इब्ल् टु कन्टिन्यू विन्टर्निट्ज्'स् लेबर्इअस् हिस्टरि ।

(वि. सं. २०२९ मा दिल्ली, पटना र वाराणसीबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, जे. के. नरिमनको *लिट्अर्अरि हिस्टरि अफ् स्यान्स्क्रिट् बुड्इज्म्* [संस्कृतमा लेखिएका बौद्ध ग्रन्थको इतिहास] को दोस्रो संस्करण (पुनर्मुद्रण), फोर्वर्ड् [प्रस्तावना], ११-१२ पृष्ठ । यस पुस्तकको पहिलो संस्करण वि. सं. १९७६ मा बम्बईबाट प्रकाशित भएको थियो ।)

[उठानका तेह्र अध्यायमा म पूरापूर विन्टरनिट्जको ग्रन्थको भर परेको छु । पहिलो पटक वि. सं. १९७० मा प्रकाशित भएको त्यस ग्रन्थमा नयाँ खोजी थप्ने मेरो अभिलाषा थियो; तर बेपारमा लागेको बम्बईले वाङ्मय-सम्बन्धी अन्वेषणको लागि त्यति चासो देखाएको छैन र *सिट्जुङ्स्बेरिख्टे डेर् बेर्लिनेर् अकाडेमी डेर्*

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*भारतीय नाट्यशास्त्र*बाट माथि उद्धरण गरिएको सबभन्दा पहिलो श्लोकको शब्दशब्दको उल्था गर्दा नपुंसक भनिने जो छ, त्यो तृतीया प्रकृति[६] हो, त्यो पनि राजाको दरबारमा रनिवासमा घुम्ने काममा खटाइनुपर्छ भन्ने अर्थ आउँछ । नपुंसक भनिने जो छ, त्यो *तृतीया प्रकृति* हो [यत्स्या-न्नपुंसकं नाम तृतीया प्रकृतिस्तु सा] भनेर *नाट्यशास्त्र*मा लेखिएकोले यहाँ नपुंसक र *तृतीया प्रकृति*लाई पर्याय मानेको देखिन्छ ।

कोषहरूमा पनि नपुंसक र *तृतीयाप्रकृति* शब्दलाई पर्यायवाची मानिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।[७]

विसेन्शाफ्टन् [बर्लिनको शास्त्रानुसन्धानपरिषद्का बैठकका जाहेरी], *सिट्जुङ्क्बेरिख्टे डेर् वीनेर् अकाडेमी डेर् विसेन्शाफ्टन्* [भियनाको शास्त्रानुसन्धानपरिषद्का बैठकका जाहेरी] र *तौङ पाओ* जस्ता पाण्डित्यमय पत्रिकाहरूको विषयमा यहाँका उम्दाउम्दा पुस्तकखानामा थाहै छैन र विन्टरनिट्ज्ले मिहिनेत गरी लेखेको इतिहास बढाउनको लागि नभई नहुने, यूरोपका मुख्य भागबाट प्रकाशित हुने अरू युप्रै पत्रिकाको विषयमा त उच्चारणै नगरे पनि हुन्छ ।]

६. *तृतीयाप्रकृति* कतै समस्तपदको रूपमा र कतै व्यस्तपदको रूपमा लेखिएको छ । *तृतीयाप्रकृति* कि *तृतीया प्रकृति* भन्ने निबन्धमा यस विषयमा मैले खुलाएर लेखेको छु । त्यो निबन्ध *पूर्णिमामा* छापिँदैछ ।

७. **तृतीयाप्रकृतिः षण्ढः क्लीबः पण्डो नपुंसके ।**

(*अमरकोष* २।६।३९)

[तृतीयाप्रकृति, षण्ढ, क्लीब र पण्ड शब्दले नपुंसक जनाउँछन् ।]

अथ क्लीबः पण्डः षण्डो नपुंसकम् ।
तृतीयाप्रकृतिश्च

(*वैजयन्ती* ४।४।३)

(वि. सं. २०२८ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, हरगोविन्द शास्त्रीको *यादवप्रकाशाचार्यविरचितः वैजयन्तीकोषः* [यादवप्रकाशाचार्यले बनाएको वैजयन्तीकोष] को १२७ पृष्ठ ।)

[अनि नपुंसक भनेको क्लीब, पण्ड, षण्ड र तृतीयाप्रकृति पनि हो ।]

तृतीयाप्रकृतिः शब्दः पुमान्षण्डे प्रकीर्तितः ।

(*पर्यायशब्दरत्न* २।१०४)

(वि. सं. २०२७ मा पूनाबाट डेकन कलेजद्वारा प्रकाशित, एकनाथ दत्तात्रेय कुलकर्णि र मार्तण्ड चिदम्बर दीक्षितको *पर्यायशब्दरत्न अफ् धनञ्जयभट्ट* [धनञ्जयभट्टको पर्यायशब्दरत्न] को ३८ पृष्ठ ।)

[पुंलिङ्गी तृतीयाप्रकृति* शब्द षण्डमा कहिएको छ ।]

*यहाँ *तृतीयाप्रकृति* शब्दलाई पुंलिङ्गी भनिएको छ, यो चिन्त्य छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तर धेरैजसा कोषहरूमा नपुंसकको एक प्रकारको भेद *पोटा* [स्वास्नीमान्छे लोग्नेमान्छे दुवैको चिह्न भएको नपुंसक] लाई अलग्गै[८] र नपुंसकको अर्को प्रकारको भेद *वर्षधर/वर्षवर* [अण्डकोष छिकेर वा अरू नै किसिमले अण्डकोष बिगारेर बनाइएको नपुंसक][९] लाई अलग्गै[१०] छुट्टचाइएको छ। नपुंसकलाई कहने अरूअरू शब्दसँगै

तृतीयाप्रकृतिः[*] षण्डः षण्डः क्लीबो नपुंसकम् ।।

(*अभिधानचिन्तामणि* ३।२२६)

[वि. सं. २०२० मा वाराणसीबाट चौखम्बा विद्याभवनद्वारा प्रकाशित, हरगोविन्द शास्त्रीको *कलिकालसर्वज्ञ-श्रीहेमचन्द्राचार्यविरचितः अभिधानचिन्तामणिः* [कलिकालका जिन श्रीहेमचन्द्राचार्यले बनाएको अभिधान-चिन्तामणि] को १४१ पृष्ठ।]

[तृतीयाप्रकृति, षण्ड, षण्ड र क्लीबले नपुंसक जनाउँछन्।]

८. पोटा स्त्रीपुंसलक्षणा ।।

(*अमरकोष* २।६।१५)

[स्वास्नीमान्छे र लोग्नेमान्छेको चिह्न भएको पोटा कहिन्छ।]

अथ पोटा स्त्रीपुंसलक्षणा ।।

(*वैजयन्ती* ४।४।३, १२७ पृष्ठ)

[अनि, स्वास्नीमान्छे र लोग्नेमान्छेको चिह्न भएको पोटा कहिन्छ।]

पोटा स्त्रीपुंसलक्षणा ।।

(*पर्यायशब्दरत्न* २।८९, ३६ पृष्ठ)

पोटा तु स्त्रीनृलक्षणा ।

(*अभिधानचिन्तामणि* ३।१९६, १३४ पृष्ठ)

[स्वास्नीमान्छे र लोग्नेमान्छेको चिह्न भएको त, पोटा कहिन्छ।]

९. अण्डकोष नभएको वा अरू किसिमको नपुंसक *वर्षवर* कहिन्छ भनी टीकासर्वस्वमा लेखिएको छ (*पूर्णिमा* ६६ अङ्कका ६–८ पृष्ठ)। अरू किसिमको भनेर कस्तो नपुंसकलाई बुझाएको हो भन्ने कुरा मैले त्यस बेला बुझेको थिइनँ। वि. सं. २००४ मा बम्बईबाट न्यू बुक कम्पनी, लिमिटेडद्वारा प्रकाशित जगदीशचन्द्र जैनको *लाइफ् इन् एन्शन्ट् इन्डिअ याज् डिपिक्टेड् इन् जेन् क्यान्अन्ज्* [प्राचीन भारतमा लोकयात्रा, जैन धर्मका शास्त्रमा बयान गरिएअनुसारको] हालै हेर्दा बूढीऔंला, चोरऔंला र माझीऔंलाले अण्डकोष माडेर र औषधि प्रयोग गरेर

* हरगोविन्द शास्त्रीले यहाँ *तृतीया प्रकृतिः* छुट्टचाएका छन्। तर यसैको टीका गर्दा भने उनले जोडेका छन्—

'नपुंसक'के ५ नाम हुँ—तृतीयाप्रकृतिः, षण्डः (+षण्डुः), षण्डः (+शण्ढः, शण्ठः), क्लीबः, नपुंसकम्।... (१४१ पृष्ठ)

मूलस्थशब्दसूचीमा पनि *तृतीयाप्रकृति* उनले जोडेर छपाएका छन् (४१६ पृष्ठ)।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*तृतीयाप्रकृति*लाई कोषहरूमा लहरै राखिएकोले र *पोटा* र *वर्षधर/वर्षवर*लाई चाहिं त्यस लहरमा नराखी अलग अलग राखिएकोले *तृतीयाप्रकृति*, *पोटा* वा *वर्षधर/वर्षवर* जस्तो विशिष्ट खालको नपुंसक होइन, सामान्य खालको नपुंसक नै हो भनेर भन्न सकिन्छ ।

नपुंसक सन्तान कसरी जन्मन्छ भन्ने कुरा बताउने प्रसङ्गमा *चरकसंहिता*मा नपुंसकलाई बुझाउनुपर्दा साथि *नपुंस्* शब्दको र तल *तृतीया प्रकृति* शब्दको प्रयोग भएको छ ।[११] *भारतीय नाट्यशास्त्र*मा *नपुंसक* र *तृतीया*

अण्डकोष बिगारी नपुंसक बनाइन्थे भन्ने कुरा *बृहत्कल्पभाष्य* ४।५१६७ बाट बुझिन्छ भनी त्यहाँ लेखिएको देखियो (५६ पृष्ठ) । यतावाट *टीकासर्वस्व*मा अरू किसिमको नपुंसक पनि *वर्षवर* कहिन्छ भनी लेखिएको कुरा-को व्याख्या हुन गएको छ ।

केटाकेटीमै अण्डकोष झिकी *वरिसधर* [वर्षधर] बनाइने कुरा *बृहत्कल्पभाष्यलगायत निशीथचूर्णि* ९ र *रायपसेणियसूत्रटीका* २१० बाट पनि बुझिने कुरा जैनको सोही पुस्तकमा (५६ पृष्ठमा) लेखिएको छ ।

१०. षण्ढो वर्षवरस्तुल्यौ

(*अमरकोष* २।८।९)

[षण्ढ र वर्षवर उही हो ।]

षण्डो वर्षवरः समौ ।

(*वैजयन्ती* ३।७।२३, ७६ पृष्ठ)

[षण्ड र वर्षवर उही हो ।]

नपुंसके सौविदल्ले षण्डो वर्षवरो ऽपि च ।
वर्षहारी वर्षधरो धर्षवर्षो ऽपि कथ्यते ।।
धर्षमायी धर्षधरो वर्षधर्षो ऽपि संमतः ।

(*पर्यायशब्दरत्न* २। २५७-२५८, ५७ पृष्ठ)

[नपुंसक सौविदल्ल [कञ्चुकी]मा षण्ड र वर्षवर (शब्द छन् । त्यो) वर्षहारी, वर्षधर र धर्षवर्ष पनि भनिन्छ । धर्षमायी, धर्षधर र वर्षधर्ष पनि (त्यही अर्थमा) मानिएको छ ।]

षण्ढे वर्षवरः

(*अभिधानचिन्तामणि* ३।३९२, १७९ पृष्ठ)

[षण्ढमा वर्षवर शब्द छ ।]

११. गर्भस्य सद्यो ऽनुगतस्य कुक्षौ स्त्रीपुंनपुंसामुदरस्थितानाम् ।
किं लक्षणं कारणमिष्यते किं सरूपतां येन च यात्यपत्यम् ।।
निष्ठीविका गौरवमङ्गमादस्तन्द्राप्रहर्षौ हृदयव्यथा च ।
तृप्तिश्च बीजग्रहणं च योन्यां गर्भस्य सद्यो ऽनुगतस्य लिङ्गम् ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रकृति शब्द सँगै आएको कुरालाई *चरकसंहितामा नपुंस्* र *तृतीया प्रकृति* शब्द सँगै आएको कुरासँग दाँज्दा पनि *नाट्यशास्त्रमा* आएको *तृतीया प्रकृति* शब्दले सामान्य खालको नपुंसकलाई नै बुझाएको हो भनी झन बढी बल मिल्न गएको छ ।

*भारतीय नाट्यशास्त्र*बाट माथि उद्धरण गरिएको दोस्रो श्लोकमा स्नातकहरू, कञ्चुकीहरू, त्यस्तै *वर्षधर*हरू र *औपस्थायिकनिर्मुण्ड*हरू जो छन्, तिनीहरूलाई कक्षास्थानहरूमा खटाउनू भनी लेखिएको छ । *नाट्यशास्त्र*बाट माथि उद्धरण गरिएको पाँचौं श्लोकमा चाहिँ त्यस्तै *वर्षधर*हरूलाई कामचारहरूमा खटाउनू, स्वास्नीमान्छेहरूलाई पठाउने काम पर्दा *औपस्थायिकनिर्मुण्ड*हरू (जो छन्), तिनीहरूलाई (खटाउनू) भनी लेखिएको छ । *नाट्यशास्त्र*बाट माथि उद्धरण गरिएको सातौं श्लोकमा *वर्षधर*को लक्षण दिइएको छ । थोरै बल भएका, काममा सिपालु, क्लीब [नपुंसक], स्वास्नीमान्छेको जस्तो स्वभाव भएका, जन्मैदेखि खुन नभएका जो छन्, तिनीहरू नै *वर्षधर* कहिएका छन् भनी त्यस श्लोकमा लेखिएको छ । *नाट्यशास्त्र*बाट माथि उद्धरण गरिएको आठौं श्लोकमा चाहिँ *निर्मुण्ड*को लक्षण दिइएको छ । स्वास्नीमान्छेको जस्तो स्वभाव नभएका, कामवासनाको विषयमा विशेष कुरा थाहा नभएका जुन लोग्नेमान्छे नपुंसक छन्, तिनीहरू *निर्मुण्ड* भनी जानिनुपर्ने हुन् भनी त्यस श्लोकमा लेखिएको छ । *नाट्यशास्त्र*बाट माथि उद्धरण गरिएको अंशमा *तृतीया प्रकृति*को प्रसङ्गमा बाहेक कमसेकम अर्को दुइ पटक[१२] नपुंसकको प्रसङ्ग आएको छ भन्ने यताबाट बुझिएको छ ।

अण्डकोष निकालेर वा त्यस्तै अरू नै किसिमले बनाइएका नपुंसक *वर्षधर/वर्षवर* कहिन्थे भन्ने कुरा मैले

सव्याङ्गचेष्टा पुरुषार्थिनी स्त्री स्त्रीस्वप्नपानाशनशीलचेष्टा ।
सव्याप्तगर्भा न च वृत्तगर्भा सव्यप्रदुग्धा स्त्रियमेव सूते ।।
पुत्रं त्वतो लिङ्गविपर्ययेण व्यामिश्रलिङ्गा प्रकृतिं तृतीयाम् ।
गर्भोपपत्तौ तु मनः स्त्रिया यं जन्तुं व्रजेत्तत्सदृशं प्रसूते ।।

(चरकसंहिता ४।२।२२-२५)

[कोखमा भरखरै रहेको गर्भको, कोखमा रहेका स्वास्नीमान्छे लोग्नेमान्छे र नपुंस्को लक्षण के हो ? जसले गर्दा सन्तानको अनुहार मिल्ने हुन जान्छ, (यसको) के कारण सम्झिइन्छ ?
थुकथुकी लाग्नु, भारीपनको अनुभव गर्नु, जीउ गल्नु, उङ लाग्नु, रौं ठाडो हुनु, हृदय दुख्नु, तृप्ति हुनु, योनिमा वीर्य लिनु भरखरै रहेको गर्भको लक्षण हो ।

बायाँ अङ्ग चलाउने, लोग्नेमान्छे खोज्ने, स्वास्नीमान्छेसम्बन्धी सपना देख्ने, स्वास्नीमान्छेलाई मनपर्ने खानपान गर्ने, स्वास्नीमान्छेको जस्तो स्वभाव र चेष्टा भएको, बायाँपट्टि गर्भ भएको, गर्भ गोलो नभएको, बायाँ स्तनमा असल दूध हुने स्वास्नीमान्छेले छोरी नै पाउँछे;

यसको उल्टो लक्षण भएमा चाहिँ छोरो पाउँछे । लक्षण छ्यासमिस भएकोले तृतीया प्रकृति पाउँछे । गर्भ रहँदा स्वास्नीमान्छेको मन जुन प्राणीमा जान्छ, त्यो जस्तै (सन्तान, उसले) पाउँछे ।]

१२. *औपस्थायिकनिर्मुण्ड* र *निर्मुण्ड* एकै खालका नपुंसक हुन् कि, *औपस्थायिक* भिन्नै खालको र *निर्मुण्ड* भिन्नै खालको नपुंसक हो भन्ने विषयमा वादविवाद गर्न सकिन्छ । यस विषयमा खुलाएर तल लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्यत्र खुलाएर लेखिसकेको छु ।[१३] *भारतीय नाट्यशास्त्र*मा *वर्षधर*को लक्षण दिँदा यिनीहरूलाई क्लीबाः [नपुंसक] र जात्या न दुष्टाः [जन्मैदेखि खुन नभएका] भनेर लेखिएकोले *वर्षधर*हरू जन्मजात नपुंसक होइनन्, अङ्गभङ्ग गरेर बनाइएका नपुंसक हुन् भन्ने आशय *नाट्यशास्त्र*का कर्ताको देखिन्छ । यताबाट *नाट्यशास्त्र*का कर्ताले *तृतीया प्रकृति* अर्थात् सामान्य खालका नपुंसकका साथै अङ्गभङ्ग गरी बनाइएका *वर्षधर* पनि रनिवासमा राखिने परम्पराको पुष्टि गरेका छन् भनी भन्न सकिन्छ ।

*भारतीय नाट्यशास्त्र*मा निर्मुण्डको जुन लक्षण दिइएको छ, त्यसबाट *निर्मुण्ड*हरू *वर्षधर* जस्ता बनाइएका नपुंसक हुन् भन्ने कुराको गन्धसम्म पनि आउँदैन । यस कारण *तृतीया प्रकृति*भित्रै गाभ्न मिल्ने *निर्मुण्ड*लाई *नाट्यशास्त्र*का कर्ताले किन भिन्नै लेखे भन्ने प्रश्न उठाउन सकिन्छ । तर *निर्मुण्ड*को लक्षण दिँदा *नाट्यशास्त्र*मा जुन लोग्नेमान्छे नपुंसक छन् [नपुंसका ये पुरुषाः] भनी लेखिएको कुरामा हामीले ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ । *नाट्यशास्त्र*मा चर्चा गरिएका *तृतीया प्रकृति*, *वर्षधर* र *निर्मुण्ड*मध्ये सबै नपुंसकै भए पनि अण्डकोष फिकेर नपुंसक बनाइएको *वर्षधर* र लोग्नेमान्छेपना भएको नपुंसक *निर्मुण्ड* भएकोले *नाट्यशास्त्र*मा आएको *तृतीया प्रकृति* शब्दले स्वास्नीमान्छेपना भएको नपुंसकलाई बुझाएको त होइन भन्ने कुरा हाम्रो मनमा पर्छ । काव्यमा *तृतीया प्रकृति*ले स्वास्नीमान्छे जस्तो[१४] भई कामकार्वाइ गरेको उदाहरण पाइएकोले पनि यति बोल्ने साहस मलाई आएको हो ।

यति भन्दा भन्दै पनि *भारतीय नाट्यशास्त्र*मा आएको *तृतीया प्रकृति* शब्दको अर्थ यही नै हो भनी ठोकेर भन्न सक्ने स्थितिमा म अहिले छैन । टीकाप्रटीकाको मदत नलिई मूल ग्रन्थबाटै प्राचीन भारतीय वाङ्मयको अर्थ बुझ्न कहीँकहीँ अप्ठेरो पर्ने कुरा यस क्षेत्रमा काम गर्ने हामी सबैले अनुभव गरेकै हो ।

*भारतीय नाट्यशास्त्र*मा आएको *तृतीया प्रकृति* शब्दको अर्थ राम्ररी गर्न नसके पनि *तृतीया प्रकृति* भनिने विशिष्ट खालका नपुंसक हुने कुरा शास्त्रान्तरबाट बुझिने हुनाले अब त्यस विषयमा लेख्नुपरेको छ ।

*भारतीय नाट्यशास्त्र*मा जस्तै *वात्स्यायनकामसूत्र*मा पनि *तृतीया प्रकृति*को चर्चा आएको छ । *कामसूत्र*मा *तृतीया प्रकृति*को लक्षण पनि दिइएकोले त्यहाँको वाक्य हामीलाई औंधि नै काम लाग्ने भएको छ--

द्विविधा तृतीया प्रकृतिः स्त्रीरूपिणी पुरुषरूपिणी च ।[१५]

[तृतीया प्रकृति दुइ किसिमका हुन्छन्, स्वास्नीमान्छेको रूप भएको र लोग्नेमान्छेको रूप भएको ।]

कुनै *तृतीया प्रकृति* स्तन आदि भएकोले स्वास्नीमान्छेको रूपको र कुनै *तृतीया प्रकृति* भने दाह्रीजुँघा भएकोले लोग्नेमान्छेको रूपका हुन्छन् भनेर *कामसूत्र*को माथिको वाक्यको टीका यशस्वी टीकाकार यशोधरले गरेका छन्—

तृतीया प्रकृतिः = नपुंसकं, स्त्रीरूपिणी = स्त्रीसंस्थाना स्तनादियोगात्, पुरुष-

---

१३. *पूर्णिमा* ६६ अङ्कका ६-१२ पृष्ठ ।

१४. यही निबन्धको २६ सङ्ख्याको पादटिप्पणीको माथिका वाक्य ।

१५. *वात्स्यायनकामसूत्र* २।९।१ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

संस्थाना श्मश्रुलोमादियोगाद् . . .[१६]

[तृतीया प्रकृति = नपुंसक, स्त्रीरूपिणी = स्वास्नीमान्छेको रूप भएको, स्तन आदि भएकोले, लोग्नेमान्छेको रूप भएको दाह्रीजुँघा भएकोले ।]

यताबाट *तृतीया प्रकृति* भनेको स्वास्नीमान्छेको वा लोग्नेमान्छेको चिह्न भएको नपुंसक हो भन्ने कुरा बुझिएको छ । स्वास्नीमान्छे लोग्नेमान्छे दुवै थरी रूपका *तृतीया प्रकृतिहरू* धनी लोग्नेमान्छेहरूको आश्रयमा रहन्थे र धनी लोग्नेमान्छेहरू दुवै थरी *तृतीया प्रकृतिहरू*का मुखमा सम्भोग [औपरिष्टक] गर्थे भन्ने कुरा पनि *वात्स्यायनकामसूत्र*बाट बुझिन्छ । औपरिष्टकविषयमा *कामसूत्र*मा सिङ्गै अध्याय भएको कुरा पनि यस प्रसङ्गमा स्मरणीय छ ।[१७] *सुश्रुतसंहिता*मा नपुंसकका भेद लेख्दै जाँदा षण्ढको विषयमा पनि लेखिएको छ । लोग्नेले स्वास्नीमान्छेको जस्तो व्यवहार गरी ऋतुकालमा स्वास्नीसँग सम्भोग गर्दा गर्भ रह्यो भने स्वास्नीमान्छेको जस्तो चेष्टा र आकार भएको, चिह्न भने लोग्नेमान्छेको भएको षण्ढ जन्मन्छ र षण्ढको वीर्य हुँदैन भनेर त्यहाँ लेखिएको छ । स्वास्नीले लोग्नेमान्छेको जस्तो व्यवहार गरी ऋतुकालमा सम्भोग गराउँदा गर्भ रह्यो भने लोग्नेमान्छेको चेष्टा भएकी कन्या जन्मन्छे भनेर पनि त्यहाँ लेखिएको छ—

पित्रोरत्यल्पबीजत्वादासेक्यः पुरुषो भवेत् ।
स शुक्रं प्राश्य लभते ध्वजोच्छ्रायमसंशयम् ।।
यः पूतियोनौ जायेत स सौगन्धिकसंज्ञितः ।
स योनिशेफसोर्गन्धमाघ्राय लभते बलम् ।।
स्वे गुदे ऽब्रह्मचर्याद्यः स्त्रीषु पुंवत्प्रवर्तते ।
कुम्भीकः स तु विज्ञेय ईर्ष्यकं शृणु चापरम् ।।
दृष्ट्वा व्यवायमन्येषां व्यवाये यः प्रवर्तते ।
ईर्ष्यकः स तु विज्ञेयः षण्ढकं शृणु पञ्चमम् ।।
यो भार्यायामृतौ मोहादङ्गनेव प्रवर्तते ।
ततः स्त्रीचेष्टिताकारो जायते षण्ढसंज्ञितः ।।
ऋतौ पुरुषवद्वापि प्रवर्तेताङ्गना यदि ।
तत्र कन्या यदि भवेत्सा भवेन्नरचेष्टिता ।।
आसेक्यश्च सुगन्धो च कुम्भीकश्चेर्ष्यकस्तथा ।
सरेतसस्त्वमी ज्ञेया अशुक्रः षण्ढसंज्ञितः ।।[१८]

---

१६. *वात्स्यायनकामसूत्र* २।९।१ मा *जयमङ्गला* ।
१७. *वात्स्यायनकामसूत्र* २।९ ।
१८. *सुश्रुतसंहिता* ३।२।३८–४४ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[बाबुआमाको ज्यादै थोरै बीज हुनाले आसेक्य भनिने लोग्नेमान्छे जन्मन्छ। वीर्य खाएर मात्र त्यसको लिङ्ग उठ्ने हुन्छ।

गह्नाउने योनिमा जो जन्मन्छ, त्यो सौगन्धिफ कहिन्छ। योनि र लिङ्गको गन्ध सुँघेर मात्र त्यसको बल आउँछ।

ब्रह्मचर्यमा नरहनाले आफ्नो गुदद्वारमा (मैथुन गराएर मात्र) स्वास्नीमान्छेहरूमा लोग्नेमान्छे जस्तो भएर जो लाग्छ, त्यो कुम्भीफ भनेर जान्नू। अर्को अर्थात् ईर्ष्यकको विषयमा सुन।

अरूहरूले सम्भोग गरेको देखेर मात्र सम्भोगमा जो लाग्छ, त्यो ईर्ष्यक भनेर जान्नू। पाँचौं अर्थात् षण्ढकको विषयमा सुन।

मोहले गर्दा स्वास्नीमान्छे जस्तो भएर ऋतुकालमा स्वास्नीसँग जो लाग्छ, त्यसबाट स्वास्नीमान्छेको चेष्टा र अनुहार भएको षण्ढ भनिने जन्मन्छ।

अथवा लोग्नेमान्छे जस्तो भएर ऋतुकालमा स्वास्नीमान्छे लाग्छे भने त्यसबाट छोरी जन्मी भने त्यसको चेष्टा लोग्नेमान्छेको जस्तो हुन्छ।

आसेक्य, सुगन्धी [सौगन्धिफ], कुम्भीफ २ ईर्ष्यकको वीर्य हुन्छ भनी जान्नू। षण्ढ भनिनेको चाहिं वीर्य हुँदैन।]

*चरकसंहिता*मा नपुंसकका भेद बताउँदै जाँदा *नरषण्ड* र *नारिषण्ड*[१९] कहिने नपुंसकको विषयमा पनि बताइएको छ। *नरषण्ड* लोग्नेमान्छेको र *नारिषण्ड*चाहिं स्वास्नीमान्छेको विकृति हो भनी त्यहाँ लेखिएको छ। बीज हल्का र थोरै हुने, निर्धा, ध्वजहर्ष नहुने, खराप बीज हुने बाबुआमाबाट *नरषण्ड* वा *नारिषण्ड* जन्मन्छन् भनेर पनि त्यहाँ लेखिएको छ—

कस्माद्द्विरेताः पवनेन्द्रियो वा संस्कारवाही नरनारिषण्डौ।
वक्त्रो तथेर्ष्याभिरतिः कथं वा संजायते वातिकषण्डको वा॥
बीजात्समांशादुपतप्तबीजात्स्त्रीपुंसलिङ्गो भवति द्विरेताः।
शुक्राशयं गर्भगतस्य हत्वा करोति वायुः पवनेन्द्रियत्वम्॥
शुक्राशयद्वारविघट्टनेन संस्कारवाहं हि करोति वायुः।
मन्दाल्पबीजावबलावहर्षौ क्लीबौ च हेतुर्विकृतिद्वयस्य॥
मातुर्व्यवायप्रतिघेन वक्त्रो स्याद्बीजदौर्बल्यतया[२०] पितुश्च।
ईर्ष्याभिभूतावपि मन्दहर्षावीर्ष्यारतेरेव वदन्ति हेतुम्॥

---

१९. *चरकसंहिता*मा *नरनारिषण्डौ* भन्ने पद ४।२।१६ मा इन्द्रवज्रा वृत्तमा आएको छ। यताबाट चरकमा नारिषण्ड भन्ने समस्तपदमा नारी ह्रस्व गरिएको स्पष्ट छ। *चरकसंहिता*मा परेको *नारिषण्ड* भन्ने रूपको *विषय*मा भन्ने निबन्धमा मैले यस विषयमा विचार गरेको छु। त्यो निबन्ध *पूर्णिमा*मा छापिँदैछ।

२०. यहाँ °दौर्बल्यतया लेखिएको छ। दौर्बल्यता यो रूप चिन्त्य छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाय्वग्निदोषाद्वृषणौ तु यस्य नाशं गतौ वातिकषण्डकः सः ।
इत्येवमष्टौ विकृतिप्रकाराः कर्मात्मकानामुपलक्षणीयाः ।।[२१]

[द्विरेता, पवनेन्द्रिय, संस्कारवाही, नरषण्ड, नारिषण्ड, वन्ध्री, ईर्ष्याभिरति र वातिकषण्डक कुन कारणले जन्मन्छन् ?

(लोग्नेमान्छे र स्वास्नीमान्छेको) उति उति मात्राको बीजद्वारा, विग्रिएको बीजद्वारा स्वास्नीमान्छे र लोग्नेमान्छेको चिह्न भएको द्विरेता हुन्छ । गर्भमा रहेको (बालक)को शुक्राशय नष्ट गरेर वायुले पवनेन्द्रिय पारिदिन्छ ।

शुक्राशयको द्वारको बिग्राइले वायुले संस्कारवाह [संस्कारवाही] बनाइदिन्छ । दुइ थरी विकार [नरषण्ड र नारिषण्ड] का कारण, हल्का र थोरै बीज हुने, निर्धा, हर्ष [लिङ्ग उठ्नु, भगाङ्कुरमा उत्तेजना हुनु] नहुने, क्लीब [दुष्ट बीज हुने] (लोग्नेमान्छे र स्वास्नीमान्छे) हुन् ।

सम्भोग गर्दा आमाको विरोधले र बाबुको बीजको दुर्बलताले वन्ध्री हुन्छ । डाहले भुतुवक भएका र हर्ष कम भएका (लोग्नेमान्छे र स्वास्नीमान्छे) नै ईर्ष्यारति [ईर्ष्याभिरति]का कारण हुन् भनेर भन्छन् ।

वायु र अग्निको दोषद्वारा जसका दुवै अण्डकोष नष्ट भएका छन्, त्यो वातिकषण्डक हुन्छ । कर्म [पूर्वजन्मको कर्मको भोग] भएकाहरूका आठ थरी विकार यसरी हेरिनुपर्छ ।]

*सुश्रुतसंहिता*मा योनिका रोगको विषयमा लेख्दै जाँदा षण्डीको विषयमा पनि लेखिएको छ । षण्डी पर सर्दिन, त्यस्तीको छाती पनि उठेको हुँदैन र त्यस्तीलाई सम्भोग गर्दा फडा स्पर्श हुन्छ भनेर त्यहाँ लेखिएको छ—

अनार्तवस्तना षण्डी खरस्पर्शा च मैथुने ।[२२]

[षण्डी पर नसर्ने, स्तन नभएकी र सम्भोगमा छुवाइ फडा भएको हुन्छे ।]

यस्तै गरेर *चरकसंहिता*मा पनि योनिका रोगको विषयमा लेख्दै जाँदा षण्ढीको विषयमा पनि चर्चा गरिएको छ । त्यसअनुसार षण्ढीलाई लोग्नेमान्छे चाहिँदैन र उसको छाती पनि उठेको हुँदैन भनेर त्यहाँ लेखिएको छ–

बीजदोषात्तु गर्भस्थमारुतोपहताशया ।।
नृद्वेषिण्यस्तनी चैव षण्ढी स्यादनुपक्रमा ।[२३]

[बीजको दोषद्वारा गर्भमा रहेको वायुले गर्भाशय नष्ट भएकी षण्ढी लोग्नेमान्छेको रिस गर्ने, स्तन नभएकी हुन्छे, त्यस्तीको औषधि गर्न सकिँदैन ।][२४]

---

२१. *चरकसंहिता* ४।२।१६–२० ।
२२. *सुश्रुतसंहिता* उत्तरतन्त्र ३८।१८ ।
२३. *चरकसंहिता* ६।३०।३३–३४ ।
२४. वाग्भटको *अष्टाङ्गहृदयम*ा गुह्यरोगको वर्णनको प्रसङ्गमा चरकसंहिताको भरखरै माथि उद्धरण गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुश्रुत र चरकका यी उद्धरणबाट लोग्नेमान्छे जस्ता वा स्वास्नीमान्छे जस्ता नपुंसक हुन्छन् भन्ने स्पष्ट बुझिन्छ। अझ चरकमा त नरषण्ड र नारिषण्ड भनी त्यस्ता नपुंसकको नाउँसुद्धा राखिएको छ। यतावाट लोग्नेमान्छेको चिह्न भएका र स्वास्नीमान्छेको चिह्न भएका गरी दुइ किसिमका तृतीया प्रकृति हुन्छन् भनेर कामसूत्रमा जे लेखिएको छ; त्यो, चरकको भाषामा नरषण्ड र नारिषण्ड हो भन्ने कुरामा शङ्का रहँदैन।

वास्तुशास्त्रको ग्रन्थ मयमतमा राजवेश्मविधान अर्थात् राजदरबारको बनोट भन्ने विषयमा सिङ्गै अध्याय लेखिएको छ। त्यहाँ प्रसङ्गवश षण्डकीको कुरा परेकोले यस प्रसङ्गमा त्यस विषयमा पनि लेख्नुपरेको छ—

कुब्जिनीवामनीकन्याषण्डकीनां तथादितौ।
धात्रीणामुदितौ गेहम्[२५]

[त्यस्तै अदितिमा[२६] कुब्जिनी [कुप्री], वामनी [बाउन्नी] कन्या र षण्डकीहरूको र उदितिमा धाईहरूका घर

श्लोक उपजीव्य भएको श्लोक पनि यहाँ प्रस्तुत गर्नुपरेको छ –

योनौ वातोपतप्तायां स्त्रीगर्भे बीजदोषतः ।।
नृद्वेषिण्यस्तनी च स्यात्षण्ढसंज्ञानुपक्रमा।
(अष्टाङ्गहृदय ६।३३।३९–४०)

[कन्यागर्भको योनि, बीजको दोषद्वारा वायुले विकृत भएमा लोग्नेमान्छेको रिस गर्ने, स्तन नभएको, षण्ढी भनिने केटी हुन्छे, त्यस्तीको औषधि गर्न सकिँदैन।]

२५. मयमत २९।५३।

[वि. सं. २०३३ मा पन्डिचेरीबाट एँस्तितुइ फ्राँसे देन्दोलजिद्वारा प्रकाशित, ब्रुनो दाग्नेसको मयमतको दोस्रो भागको १५७ पृष्ठ।]

२६. मयमतको सातौँ अध्यायमा बस्ती बसालिने जमीनमा देवताहरूको पद अर्थात् ठाउँ छुट्टचाइएको छ। यस श्लोकमा आएका अदिति र उदिति त्यसरी ठाउँ छुट्टचाइएका ३२ वटा बाह्यदेवतामध्ये पर्छन्। परमशायिक रूपको बस्ती बसाइने ठाउँमा अदिति र उदिति उत्तरपट्टिका भागमा पर्छन्। वि. सं. २०४१ मा वीस्बादेनबाट फ्रन्स स्टाइनर फेर्लागद्वारा प्रकाशित, फ्रीड्रिख विल्हेमद्वारा सम्पादित, ओट्टो स्टाइनको वलाइन श्रिफ्टेन् [ससाना कृति]को ३८९ पृष्ठमा र वि. सं. २०२७ मा पन्डिचेरीबाट एँस्तितुइ फ्राँसे देन्दोलजिद्वारा प्रकाशित, ब्रुनो दाग्नेसको मयमतको पहिलो भागको सातौँ चित्रमा परमशायिक रूपको चित्र दिइएको छ।

ओट्टो स्टाइनले पूर्वोक्त पुस्तकका ४२९–४३० पृष्ठमा
एम्. गिभ्ज् इन् द २९थ् च्याप्टर् इन् २३२ भर्स्इज् द राजवेश्मविधान।... फर्दर् मे बी मेन्शन्ड् द रूम्ज् फर् द क्वीन्'ज् पर्सनेल् : मेड्इएभन्ट्म् यान्ड् नर्स्इज् (५२)। द कब्चुक्किन्, इन् भल्लाट, (५३), इन् अदिति द कुब्जिनी, वामिनी, कन्याषण्डकी, इन् उदिति द नर्स्इज्, इन् द नर्थ्, वाटर, वेल्ज्, ट्याङ्क्स् (५५) आर् याट् द डिस्पोज्अल् अफ् द क्वीन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(बनाउन् ।)

[*मयमत*को उनन्तीसौं अध्यायमा २३२ श्लोकमा,* *राजवेश्मविधान* दिइएको छ। ...फेरि रानीका नोकरचाकर – केटी र धाईहरू– को लागि कोठा (५२ श्लोफ)† को विषयमा पनि उल्लेख गर्न सकिन्छ– भल्लाटमा कञ्चुकी (५३ श्लोफ)‡; अदितिमा कुब्जिनी, वामिनी§, कन्याषण्डकी; उदितिमा धाई, उत्तरमा, पानी, इनार, पोखरी

*स्टाइनले यहाँ दिएको श्लोकसङ्ख्या पुरानो संस्करण अर्थात् वि. सं. १९७६ मा अनन्तशयनबाट राजकीय मुद्रणयन्त्रालयद्वारा प्रकाशित, त. गणपति शास्त्रीको *मयमत*अनुसारको हो। दाग्नेसको संस्करणमा भने उनन्तीसौं अध्यायमा २२८ श्लोक मात्र छन् ।

†दाग्नेसको संस्करणअनुसार ५१ श्लोक ।

‡दाग्नेसको संस्करणअनुसार ५२ श्लोक ।

§स्टाइनले उपयोग गरेको *मयमत* गणपति शास्त्रीको संस्करण हो । त्यहाँ वामनी पाठ छापिएको छ (२९।५४, २३६ पृष्ठ) । दाग्नेसको संस्करणमा पनि वामनी नै पाठ छ ।
वाचस्पत्यमा वामनको स्त्रीलिङ्गको रूप देखाउँदा
··· स्त्रियां ङीप् । " वामनीं मूर्तिमाददे" ।
(वि. सं २०२६ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, तारानाथ तर्कवाचस्पतिको *वाचस्पत्य* (तेस्रो संस्करण) को ४८८० पृष्ठ)
[स्त्रीलिङ्गमा ङीप् । "वामनीं मूर्तिमाददे ।"]
भनी लेखिएको छ । यताबाट वामनको स्त्रीलिङ्ग वामनी रूप कतै भएको थाहा पाइन्छ ।
तर यहाँ ओट्टो स्टाइनले वामिनी लेखी पाठ सच्याएका छन् ।

पाश्चात्य कोषहरूमा
एफ्. वामनी ए डिजीज् अफ् द भजइन बाइ विल्सन् फेलर्हाप्ट् फुइर् वामिनी ।
(वि. सं. १९२८ मा सेन्ट पिटर्सवर्गबाट बुखड्रुकेराइ डेर कैंजरलिखेन अकाडेमी डेर विसेनशाफ्टनद्वारा प्रकाशित, ओट्टो ब्योटलिङ्क र रुडोल्फ रोथको *सन्क्रिस्ट् वोर्टरबुख्* [संस्कृतकोष] को छैटौं भागको ९२८ पृष्ठभाग ।)
[स्त्री. वामनी योनिको रोगविशेष, विल्सनको कोषमा, वामिनीको अशुद्ध रूप ।]
वामन... (ई), एफ. ए फीमेल् ड्वर्फ्, डबूल्यू. ; एन्. अफ् ए योगिनी, एच्सीएटी.; ए पर्टिक्. डिजीज् अफ् द भजइन, डबूल्यू. (प्रब्. डबूल्यू. आर्. फर् *वामिनी*, क्यू. भी. अन्डर् १. वामिन्) ···
(वि. सं. २०२७ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, मोनियर मोनियर–विलियम्जको *ए स्यान्स्क्रिट्–इङ्ग्लिश् डिक्शन्अरि* [संस्कृत–अङ्ग्रेजीकोष] (पहिलो भारतीय संस्करण) का ९४१–९४२ पृष्ठ ।)

[वामनी स्त्री. बाउन्नी, विल्सन; कुनै योगिनीको नाउँ, हर्षचरित (?) ; योनिको रोगविशेष, विल्सन (वामिनीको अपपाठ हो कि, १. वामिन्मा हेर ।]
यस्तो लेखिएकोले स्टाइन वामिनी लेखन पुगेका देखिन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यहाँ राजदरबारमित्र षण्डकीहरूको लागि दिशाविशेषमा घर बनाउने कुरा लेखिएकोले स्वास्नीमान्छेको रूपमा नपुंसक दरबारमा राखिने कुराको पुष्टि *मयमत*बाट भएको छ ।

षण्ढी पर सर्दिन र उसको छाती पनि उठेको हुँदैन भनी *सुश्रुत*मा लेखिएको कुराको व्याख्या वररुचिको *उभयाभिसारिका* भन्ने भाणमा काव्यको ढाँचामा पाइन्छ । त्यहाँ त्यस्ती स्वास्नीमान्छेलाई चरकमा जस्तो *नारिषण्ड* नभनी *कामसूत्र*को भाषामा *तृतीया प्रकृति* भनिएको छ भन्ने कुरा पनि यहाँनिर लेखनुपरेको छ । त्यताबाट पनि *तृतीया प्रकृति*हरू भनी लोग्नेमान्छेहरूको आश्रयमा रही तिनीहरूको कामवासना तृप्ति गराउने काम गर्थे भन्ने बुझिन्छ—

> अहो ! राजमार्गस्य कलिः सुकुमारिका नाम तृतीयाप्रकृतिरित एवाभिवर्तते । अहो अमङ्गलदर्शनैषा । भवतु । अनभिभाष्यैनां वस्त्रमन्तरीकृत्यातिक्रमिष्यामस्तावत् । (तथा कुर्वन्) अये अनुधावत्येव माम् । केदानीं मे गतिः । अहो बलवान्कृतान्तः— यस्मात्प्रियमभिभाष्यैनां व्याघ्रमुखादिवात्मानं मोचयिष्यामि । किं ब्रवीषि— "अभिवादयामि" इति । वासु अविधवा बहुपुत्रा भव । अथ च—
>
> भ्रूक्षेपाक्षिविचारणोष्ठचलनैर्बाह्वोश्च विक्षेपणै-
> र्गत्या चारुकया विलासहसितैः स्त्रीविभ्रमा निर्जिताः ।

(५५श्लोक)* रानीको खटनमा हुन्छन् ।]

भनी लेखकले उनले कन्याषण्डकीलाई कर्मधारयसमास सम्झेको देखिन्छ ।

तर *मयमत*लाई फरासीस भाषामा उल्था गर्ने ब्रुनो दाग्नेसको पूर्वोक्त ग्रन्थको दोस्रो भागको १५६ पृष्ठमा *मयमत*को माथिको श्लोकको

सेल् दे बोसी, दे नें, दे जोइन् फो ए दे फाम् स्टेरिल् सों आ ल'आँप्लास्मां द'अदिति; ले लोज्मां दे नुरिस् ए ओ आँप्लास्मां द'उदिति,...

[कुप्रो, पुड्की, ठिटी र बाँझी स्वास्नीमान्छेहरूका ती (घर) अदितिको ठाउँमा हुन्छन्; धाईहरूका घर उदितिको ठाउँमा हुन्छन् ।]

भनी उल्था गरिएकोले दाग्नेसले कन्याषण्डकीलाई द्वन्द्वसमास सम्झी कन्या र षण्डकीलाई छुट्टचाएको देखिन्छ ।

*मयमत*को माथि उद्धरण गरिएको श्लोकभन्दा दुइ श्लोकअगाडि अर्थात् उनन्तीसौं अध्यायको ५१ श्लोकमा

> नागे रुद्रांशके चैव सायता दीर्घिका भवेत् ।
> कन्यकानां च धात्रीणां मुख्यभागे विमानकम् ।।

भनेर लेखिएकोले यहाँ कन्यका छुट्टै आएको स्पष्ट छ । यस कारण मैले पनि दाग्नेसको अनुसरण गरी कन्या र षण्ढकीलाई फरक फरक पारेको हुँ ।

*दाग्नेसको संस्करणअनुसार ५४ श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विस्पष्टाकुललोललम्बिरशना श्रोणी विशालायता
कस्यायासि रतैरतृप्तहृदया गेहाद् विशालेक्षणे ।।

किं ब्रवीषि– "राजस्यालस्य रामसेनस्य गृहादागच्छामि" इति । अहो सफलं जीवितं तस्य । सुभगे किमिदानीं चक्रवाकमिथुनस्येव वियोगः संवृत्तः । किं ब्रवीषि– "राजोपस्थानं गच्छन्त्या गणिकापरिचारिकया रतिलतिकया चतुरमधुरहसितरतिचेष्टया सस्नेहललितकटाक्षविक्षेपाम्बुभिरभिषिच्यमानहृदयः समुद्गतरोमाञ्चनिवेद्यमानमदनानुरागः स तस्यास्तं मदनानुरागं शिरःप्रणामेन प्रतिगृहीतवान् । ततस्तत्प्रत्यक्षव्यलीकमसहमानया मया प्रत्यादिष्टः सन् पादयोर्मे पतितः । तथापि च मया ईर्ष्याभिभूतहृदयया नैवास्य प्रसादः कृतः । ततो मामसौ बलात्कारेण गृहमानीय पर्यङ्कतलमारोप्य मया सहासितः । स पुनर्मां मदनाक्रान्तो रजन्यां मदनवेगखेदसुप्तां परित्यज्य तस्या एव गृहं गत्वा ऽद्य कतिपयान्यहानि नैव गृहमागच्छतीति पुनः सा ऽहमनुनयमगृहीत्वा पश्चात्तापेन दह्यमाना भावसमीपमुपगता यदृच्छया भावं समासादिता ऽस्मि । तद् भावः प्राणसमेन मे सन्धानं कर्तुमर्हति ।" वासु, अहो रामसेनस्य प्रमादः । कुतः–

व्याक्षेपं कुरुतस्स्तनौ न सुरते गाढोपगूढस्य ते
रागघ्नस्तव मासि मासि सुभगे नैवातै वस्यागमः ।
रूपश्रीनवयौवनोदयरिपुर्गर्भो ऽपि नैवास्ति ते
ह्येवं त्वां सगुणां विहास्यति स चेद्रत्युत्सवं त्यक्ष्यति ।।

भवत्विदानीम् । मानिनि तस्यैव स्वोदवसिते मां प्रतिपालय । अस्ति मम मित्रकार्यं किञ्चित्त्वरानुष्ठेयम् । तत्समानीय तं भगिनीसौभाग्यगर्वितं सुकुमारहृदयानां त्वद्विधानां युवतीनां भावबहिष्कृतं गृहमागत्य चरणयोस्ते पातयिष्यामि । गच्छतु भवती । गतैषा । गच्छाम्यहम् । अहो कृच्छ्रेण खल्वस्माभिः प्रकृतिजनादात्मा मोचितः । अहमप्यस्मत्कार्यमनुष्ठास्यामि ।[२८]

---

२८. *उभयाभिसारिका* २१+ – २३+ ।

[वि. सं. २०१६ मा बम्बईबाट हिन्दी ग्रन्थ रत्नाकर कार्यालय प्राइवेट लिमिटेडद्वारा प्रकाशित, मोतीचन्द्र र वासुदेवशरण अग्रवालको *चतुर्भाणी*का १३५–१३८ पृष्ठ]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[आम्मै, मूल सडकमा हुने कलहको बीउ सुकुमारिका भन्ने तृतीया प्रकृति यतैतिर आइरहेकी छ। हरे, यसलाई देख्नाले नै अपशकुन हुन्छ। होस्, यससँग नबोलीकनै लुगाले छेकिएर नाघेर जान्छु। (त्यसै गर्दै) ए, त्यो त मेरो पछिपछि पो दगुरिरहेकी रहिछ। अब मेरो के लाग्छ। आम्मै, दैव बलवान् छ। यस कारण यससँग मीठो बोलेर बाघको पञ्जाबाट जस्तै यसको पिण्ड छुटाउँछु। के भन्यौ, दर्शन गरें रे। नानी, सौभाग्यवती भए, तिम्रा सन्तान धेरै हुन्। अरू पनि छ-

आँखीभौं तन्काएर, आँखा चलाएर, ओठ हल्लाएर, हात फट्कारेर, लस्कीकन हिँडेर र नखरा गरीकन हाँसेर तिमीले स्वास्नीमान्छेहरूका नखरालाई माथ गरेकी छयौ। (तिम्रो) ठूलो र चौडा नितम्बमा कन्धनी नमिलीकन लट्किरहेछ। ठूलठूला आँखा भएको हे नानी, तिमी कसको घरबाट सम्भोगबाट तृप्त नभई-कनै आइरहेकी छयौ?

के भन्यौ- राजाका साला रामसेनको घरबाट आउँदैछु रे। अहो, उसको जिन्दगी सफल भयो। ए भाग्यमानी नानी, चङेवाचङेवीको जस्तो फिन अहिले बिछोड भयो? के भन्यौ- वेश्याको सुसारे, चलाखी भएको मीठो हाँसो हाँसी नखरा पार्ने, राजाको चाकरीमा गइरहेकी रतिलतिकाले माया गरीकन छोडिएको राम्रो कटाक्षरूपी पानीले हृदय सिँचिएका, रौं ठाडो हुनाले प्रेम प्रकट भएका तिनले त्यसको त्यो प्रेम शिर झुकाएर स्वीकार गरे। त्यसपछि देखादेख गरिएको त्यो बेकाइदा सहन नसकी मैले फट्कारिएका छेंदा तिनी मेरो खुट्टामा परे। डाहले भुतुक्क भएको मन भएकी मैले तैपनि तिनलाई रहन गरिनँ। त्यसपछि मलाई बलजफती घर ल्याई पलङमा बसाएर तिनी मसँग बसे। सम्भोगको परिश्रमले थाकेर राति सुतेकी मलाई छोडी कामवासनाले गाँजेका तिनी फेरि त्यसकै घर गएर निकै दिन भयो, आजसम्म आएका छैनन्। त्यसैले (तिनको) बिन्तिभाउ नसुनेकोमा पछितोले भसक्क डढेको मन भएकी म यहाँकहाँ जान लागेकी थिएँ। संयोगले यहाँलाई भेट्टाएकी छु! त्यस कारण यहाँले प्राणप्यारासँग मेरो मेल गराइदिनुपर्‍यो। नानी, रामसेनले कस्तो लापरवाही गरेको। किनभने-

तिम्रो स्तनले सम्भोगको समयमा बेसरी हालिएको अँगालोलाई बिथोल्दैन। हे भाग्यमानी नानी, महीनैपीछे प्रेम मार्ने (गरी) तिम्रो रज आउँदैन। राम्रो रूप र नयाँ जवानीको बढिबढाउको शत्रु भएको गर्भ पनि तिम्रो रहँदैन। गुण भएकी तिमीलाई पनि त्यो यसरी छोड्छ भने त्यसले मोजमजाको उत्सवै छोड्ला।

भैगो अहिले। हे घमण्डी नानी, त्यसको आपनै घरमा मलाई पर्खेर बस। साथीको कुनै काम मैले छिटै गर्नुपर्ने छ। त्यो गरिसकेपछि, दिदीको सौभाग्यले फुलेको, सुकुमारी मन भएका तिमी जस्ता तरुनीहरूको मनसाय नबुझ्ने (त्यस)लाई घरमा आएर तिम्रो खुट्टामा पर्न लाउँला। तिमी जाऊ। त्यो गई। म जान्छु। आम्मै, मैले मुश्किलले प्रकृतिजन [नपुंसक] बाट आफूलाई छुटाएँ। म पनि आफ्नो काम गर्छु।]

बाह्र वर्षको वनवास सकेपछि पञ्च पाण्डव द्रौपदीसमेत एक वर्षको गुप्तवासको लागि भेष बदलेर विराट राजाको दरबार पस्दा अर्जुनले नपुंसकको रूप धरी बृहन्नडा भन्ने नाउँले दरबार पसेको प्रसङ्गको सम्झना यहाँनिर सहजै हुन्छ। यहाँनिर हामीलाई घत लाग्ने कुरा के छ भने अर्जुनले नपुंसकको रूप धर्दा लोग्नेमान्छे नपुंसकको होइन कि स्वास्नीमान्छे नपुंसकको रूप धरेको। *महाभारत*मा यस्तो नपुंसकलाई बुझाउन षण्ढक/षण्ढ वा *क्लीब* शब्दको प्रयोग गरिएको छ भन्ने कुरा हामीले याद गर्नुपर्छ।[२९] अर्जुनले विराट राजाकहाँ पुगी आफ्नो

---

२९. *बृहन्नडालाई बुझाउन महाभारतमा प्रयोग भएका नपुंसकवाचक शब्द* भन्ने निबन्धमा मैले यस विषयमा लेखेको छु। सो निबन्ध *पूर्णिमा*मा छापिँदैछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषयमा बताउँदा बाबुआमा नभएको छोरा वा छोरी म हुँ भनेर भनेको कुरा पनि यहाँ चर्चा गर्नुपर्ने भएको छ। अर्कोतिर, बृहन्नडाको अपुंस्त्व (नलोग्नेमान्छेपना) पक्का ठहऱ्याएपछि मात्र विराटले बृहन्नडालाई कुमारीपुर [राजकुमारीको महल] मा आफ्नी छोरी उत्तरालाई नाचगान सिकाउने गुरुमा बनाएर हुलेको कुरा पनि कम चाखलाग्दो छैन। यसैले *महाभारत*मा यस प्रसङ्गमा आएको बृहन्नडाविषयको कुराको यहाँ उद्धरण गर्नुपरेको छ–

अर्जुन उवाच।

प्रतिज्ञां षण्ढको ऽस्मीति करिष्यामि महीपते।
ज्याघातौ हि महान्तौ मे संवर्तुं नृप दुष्करौ॥
कर्णयोः प्रतिमुच्याहं कुण्डले ज्वलनोपमे।
वेणीकृतशिरा राजन्नाम्ना चैव बृहन्नडा॥
पठन्नाख्यायिकां नाम स्त्रीभावेन पुनः पुनः।
रमयिष्ये महीपालमन्यांश्चान्तःपुरे जनान्॥
गीतं नृत्तं विचित्रं च वादित्रं विविधं तथा।
शिक्षयिष्याम्यहं राजन्विराटभवने स्त्रियः॥
प्रजानां समुदाचारं बहु कर्म कृतं[३०] वदन्।
छादयिष्यामि कौन्तेय मायया त्मानमात्मना॥

---

३०. *महाभारत*को चिकित्सितपाटको पाठान्तरसहित्को मूल ग्रन्थमा र चिकित्सितपाठ मात्र हालै तयार गरिएको ग्रन्थमा पनि कर्मकृतं एउटै पद बनाई जोडेर छपाइएको छ।

(वि. सं. १९९३ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, रघुवीरको द *विराटपर्वन्*, बीइङ् द फोर्थ् बुक् अफ् द *महाभारत* [महाभारतको चारौं पर्व– विराटपर्व] को १२ पृष्ठ।

वि. सं. २०२८–२०३२ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित, *चिकित्सितपाटास्मिका महाभारत–संहिता* [चिकित्सितपाठ भएको महाभारतसंहिता] को ८०३ पृष्ठ।)

*महाभारत*को नीलकण्ठले बनाएको टीका *भारतभावदीप*, टीकाकारको नाउँबाट चलेको *नीलकण्ठी* भन्ने नाउँले बढी प्रसिद्ध छ। त्यहाँ

समुदाचारं समीचीनमुत्कृष्टतरं महावदान्यत्वादिरूपं ताभिः कृतं बहु कर्म च वदन् मायया कपटक्लीबवेषेण आत्मानं शरीरमात्मना बुद्धया॥

(*महाभारत* ४।२।३० मा *नीलकण्ठी* टीका)

[वि. सं. १९३३ मा मुम्बईबाट गणपत कृष्णाजीको छापाखानाद्वारा प्रकाशित *नीलकण्ठी* टीकासहित्को

CC-0. Nepal Sanskrit Academy, Kathmandu

युधिष्ठिरस्य गेहे ऽस्मि द्रौपद्याः परिचारिका ।
उषितास्मीति वक्ष्यामि पृष्टो राज्ञा च भारत ।।
एतेन विधिना छन्नः कृतकेन यथा नलः ।
विहरिष्यामि राजेन्द्र विराटभवने सुखम् ।।[२१]

[अर्जुनले भने–
सरकार, षण्ढक हुँ भनी म कबूल गरुँला । सरकार, मेरा, ताँदोका ठूलठूला ठेला भने छोप्न गाह्रा छन् ।
सरफार, आँगो जस्ता कुण्डल दुवै कानमा लाएर चुल्ठो पारेको, नाउँले पनि बृहन्नडा म, स्वास्नीमान्छेको हाउभाउले बराबर आख्यायिका पढ्दै रनिवासमा राजा र अरू मान्छेहरूलाई रमाइलो गराउँला ।
सरकार, विराटको दरबारमा म स्वास्नीमान्छेहरूलाई गीत, गजबको नाच र थरीथरीका बाजा सिकाउँला ।
हे कुन्तीका छोरा, दुनियाँहरूको उचित व्यवहार (र) धेरै काम बताउँदै छलद्वारा बुद्धिले शरीर ढाकुँला ।
हे भरतवंशी, राजाले सोधिएको छैंदो, युधिष्ठिरको घरमा द्रौपदीकी सुसारे भई म बसिसकेकी हुँ भनी भनुँला ।
हे राजाहरूमा श्रेष्ठ, यो नफली चालले मल जस्तै छोपिएको म विराटको दरबारमा मजासँग रहुँला ।]

वैशंपायन उवाच ।

अथापरो ऽदृश्यत रूपसंपदा स्त्रीणामलङ्कारधरो बृहत्पुमान् ।
प्राकारवप्रे प्रतिमुच्य कुण्डले दीर्घे च कम्बू परिहाटके शुभे ।।

महाभारत विराटपर्वको २ ख पत्र । त्यहाँ कहीं पद जोडेर र कहीं छुट्टयाएर छापिएकोमा यहाँ जोड्नुपर्नेमा जोडिएका र छुट्टयाउनुपर्नेमा छुट्टयाइएका छन् ।]

[समुदाचारम् = राम्रो असल महादानीपना आदि रूप, र तिनीहरूले, कृतम् = गरेको, बहु = धेरै, कर्म = काम, वदन् = भन्दै, मायया = कपट गर्न लिइएको नपुंसकको भेषले, आत्मानम् = शरीरलाई, आत्मना = बुद्धिले ।]

भनी नीलकण्ठले कृतं बहु कर्म भनी लेखेकाले उनले कर्म कृतंलाई अलग अलग पद नै मानेको देखिएको छ ।

चिकित्सितपाठमा कर्मकृतं किन समस्तपद मानिएको हो, मैले बुझ्न सकिनँ । समस्तपद मान्दा अर्थ गर्न पनि मैले सकिनँ । यस कारण अर्थ गर्न सजिलो हुने भएकोले मैले यहाँ कर्म अलग, कृतं अलग लेखेको हुँ ।

*महाभारत*का अरू अरू संस्करणमा पनि कर्म अलग, कृतं अलग छापिएको कुरा यस प्रसङ्गमा स्मरणीय छ ।

यसको उदाहरणको लागि वि. सं. २०१२–२०१४ मा गोरखपुरबाट गीताप्रेसद्वारा प्रकाशित, रामनारायणदत्त पाण्डेयको *महाभारत संस्कृत मूल, हिन्दी अनुवाद*को १८४६ पृष्ठलाई औंल्याउन सकिन्छ ।

२१. *महाभारत* ४।२।२१–२७। *चिकित्सितपाठात्मिका महाभारतसंहिता*का ८०२–८०३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बहूंश्च दीर्घांश्च विकीर्य मूर्धजान्महाभुजो वारणमत्तविक्रमः ।
ततेन भूमिमभिकम्पयंस्तदा विराटमासाद्य सभासमीपतः ।।
तं प्रेक्ष्य राजोपगतं सभातले सत्रप्रतिच्छन्नमरिप्रमाथिनम् ।
विराजमानं परमेण वर्चसा सुतं महेन्द्रस्य गजेन्द्रविक्रमम् ।।
सर्वानपृच्छच्च समीपचारिणः कुतो ऽयमायाति न मे पुरा श्रुतः ।
न चैनमूचुर्विदितं तदा नराः सविस्मितं वाक्यमिदं नृपोऽब्रवीत् ।।
सर्वोपपन्नः पुरुषो मनोरमः श्यामो युवा वारणयूथपोपमः ।
विमुच्य कम्बू परिहाटके शुभे विमुच्य वेणीमपिनह्य कुण्डले ।।
शिखी सुकेशः परिधाय चान्यथा भवस्व धन्वी कवची शरी तथा ।
आरुह्य यानं परिधावतां भवान्सुतैः समो मे भव वा मया समः ।।
वृद्धो ह्यहं वै परिहारकामः सर्वान्मत्स्यांस्तरसा पालयस्व ।
नैवविधाः क्लीबरूपा भवन्ति कथंचनेति प्रतिभाति मे मनः ।।

अर्जुन उवाच ।

गायामि नृत्याम्यथ वादयामि भद्रो ऽस्मि नृत्ते कुशलो ऽस्मि गीते ।
त्वमुत्तरायाः परिदत्स्व मां स्वयं भवामि देव्या नरदेव नर्तकः ।।
इदं तु रूपं मम येन किं नु तत्प्रकीर्तयित्वा भृशशोकवर्धनम् ।
बृहन्नडां वै नरदेव विद्धि मां सुतं सुतां वा पितृमातृवर्जिताम् ।।

विराट उवाच ।

ददामि ते हन्त वरं बृहन्नडे सुतां च मे नर्तय याश्च तादृशीः ।
इदं तु ते कर्म समं न मे मतं समुद्रनेमिं पृथिवीं त्वमर्हसि ।।

वैशंपायन उवाच ।

बृहन्नडो तामभिवीक्ष्य मत्स्यराट् कलासु नृत्ते च तथैव वादिते ।
अपंडत्वमप्यस्य निशम्य च स्थिरं ततः कुमारीपुरमुत्ससर्ज तम् ।।
स शिक्षयामास च गीतवादितं सुतां विराटस्य धनंजयः प्रभुः ।
सखीश्च तस्याः परिचारिकास्तथा प्रियश्च तासां स बभूव पाण्डवः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

तथा च सत्रेण धनंजयो ऽवसत्प्रियाणि कुर्वन्सह ताभिरात्मवान् ।
तथागतं तत्र न जज्ञिरे जना बहिश्चरा वाप्यथवान्तरेचराः ।।[३२]

[वैशम्पायनले भने–

अनि अर्का (अर्थात्) लामा कुण्डल, असल बाला र कल्ली लाएर स्वास्नीमान्छेको सिँगार पारेका, अनुहारबाट मने लाठे लोग्नेमान्छे परखालको ढोकामा देखिए ।

लामो हात भएका, मत्ता हात्तीको जस्तो पराक्रम भएका (तिनले) घना र लामो कपाल छोडेर हिँडाइले त्यस बेला भुइँ थर्काउँदै सभाको अगाडि विराटकहाँ पुगेर छद्मवेषले ढाकिएका, शत्रु मार्ने, ठूलो तेजले धपक्क बलेका, इन्द्रका छोरा, मत्ता हात्तीको जस्तो पराक्रम भएका तिनलाई सभामा नजीकै आइपुगेको देखेर मैले पहिले नसुनेको यो कहाँबाट आयो भनी नजीकै घुमिरहेका सबैलाई राजाले सोधे । त्यस बेला मानिसहरूले तिनलाई आफूले नचिनेको कुरा बताए । जिल्ल परेका राजाले यो वाक्य भने–

(तिमी) सबै कुराले युक्त भएका, राम्रा लोग्नेमान्छे, मुख्य हात्ती जस्ता साँवला र पट्ठा छौ । असल बाला र कल्ली फुकालेर, चुल्ठो नपारेर र कुण्डल झिकेर शिखा पारेको (र) राम्रोसँग कपाल सम्याएको छँदो अर्के किसिमले लुगा लाएर तिमी धनु भिरेको, कवच लाएको र बाण लिएको होऊ । सवारीमा चढेर तिमी दगुर । मेरा छोराहरू बराबर वा म बराबर होऊ ।

म बूढो भइसकेको छु । (राजपाट) छोड्ने इच्छा भएको म छु । बलले सारा मत्स्यदेशको रक्षा गर । यस्ता मान्छे क्लीबरूप भएका केही गरे पनि हुँदैनन् भन्ने कुरा मेरो मनमा लाग्छ ।

अर्जुनले भने–

गाउँछु, नाच्छु र त्यस्तै बजाउँछु । नाचमा श्रेष्ठ छु । गीतमा सिपालु छु । हजुर आफैं मलाई उत्तरा बक्स्योस् । सरकार, म मैयाँलाई नचाउने हुन्छु ।

जुन कारणले मेरो यो रूप (भयो), शोक ज्यादै बढाउने त्यो भनेर के हुन्छ । सरकार, बाबुआमा नभएको, बृहन्नडा भन्ने छोरा वा छोरी भनेर मलाई चिनिबक्स्योस् ।

विराटले भने–

बृहन्नडा, हुन्छ म तिम्रो इच्छा पुऱ्याइदिन्छु । मेरी छोरी र त्यस्ता (अरू) जो छन्, तिनीहरूलाई नचाऊ । यो काम त तिमीहरूलाई सुहाउने जस्तो मलाई लाग्दैन । तिमीलाई त समुद्रसम्म पाङ्ग्राको धार पुगेको पृथिवी पो सुहाउँछ ।

वैशम्पायनले भने–

तो बृहन्नडालाई कलाहरूमा नाचमा र त्यस्तै गरेर बाजामा जाँच गरेर र यिनको नलोग्नेमान्छेपना पनि पक्कै भन्ने सुनेर त्यसपछि तिनलाई कुमारीपुर [राजकुमारीको महल] मा मत्स्यदेशका राजाले पठाए ।

---

३२. *महाभारत* ४।१०। १-१३, ८११-८१२ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समर्थ भएका ती अर्जुनले विराटकी छोरीलाई, तिनका सँगिनीहरू र सुसारेहरूलाई गानबजान सिकाए। तो पाण्डव, तिनीहरूका मन पर्ने पनि भए।

आफूलाई अँचेटेका ती अर्जुन (तिनीहरूलाई) मनपर्ने काम गर्दै तिनीहरूसँग छद्मवेषले बसे। त्यसरी रहेका तिनलाई बाहिर घुम्ने वा भित्र घुम्ने मानिसहरूले चिनेनन्।]

त्रिगर्तका राजाको पक्ष लिई कौरवहरूले विराटको राज्यमा हमला गर्दा विराटका छोरा उत्तरको सारथि भई बृहन्नडाको रूपमा अर्जुन गएको कुरा *महाभारत*मा लेखिएको छ। लडाईंको मैदानमा नपुंसकको रूपमा रथ हाँकेर आएकी बृहन्नडालाई देख्दा कौरवहरूलाई त्यो अनुहार चिने चिने जस्तो लाग्यो र यो मान्छेको केही लोग्नेमान्छेको जस्तो र केही भने स्वास्नीमान्छेको जस्तो छ, अनुहार अर्जुनको जस्तो छ, रूप भने यसले क्लीबको धरेको छ भनी कौरवहरूले भने भनी *महाभारत*मा लेखिएको कुरा पनि यस प्रसङ्गमा कम चाखलाग्दो छैन–

एवमुक्त्वा तु कौन्तेयः सो ऽवप्लुत्य रथोत्तमात्।
तमन्वधावद्धावन्तं राजपुत्र धनंजयः।
दीर्घां वेणीं विधुन्वानः साधु रक्ते च वाससी॥
विधूय वेणीं धावन्तमजानन्तो ऽर्जुनं तदा।
सैनिकाः प्राहसन्केचित्तथारूपमवेक्ष्य तम्॥
तं शीघ्रमभिधावन्तं संप्रेक्ष्य कुरवो ऽब्रुवन्।
कं एष वेषप्रच्छन्नो भस्मनेव हुताशनः॥
किंचिदस्य यथा पुंसः किंचिदस्य यथा स्त्रियः।
सारूप्यमर्जुनस्येव क्लीबरूपं बिभर्ति च॥
तदेवंतच्छिरोग्रीवं तौ बाहू परिघोपमौ।
तद्वदेवास्य विक्रान्तं नायमन्यो धनंजयात्।[३३]

[यसरी भनी असल रथबाट हामफालेर लामो चुल्ठो र रातो असल एक जोर लुगा [ओढ्ने र फरिया] हल्लाएका, कुन्तीका छोरा अर्जुन, दगुरिरहेका राजकुमारको पछाडिपछाडि दगुरे।

चुल्ठो हल्लाएर दगुरिरहेका, त्यरतो रूपका ती अर्जुनलाई देखेर नचिनेका केही सिपाहीहरू त्यस बेला हाँसे।

छिटो छिटो दगुरिरहेका तिनलाई देखेर कौरवहरूले भने– खरानीले ढाकिएको आगो जस्तो (छद्म) वेषले ढाकिएको त्यो को हो ?

यसको केही लोग्नेमान्छेको जस्तो छ, यसको केही स्वास्नीमान्छेको जस्तो छ। अनुहार अर्जुनको जस्तो छ, (यसले) क्लीबको रूप धरेको छ।

---

३३. *महाभारत* ४।३६।२७–३१, ८३९ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यी टाउको–घाँटी त्यही हो । आगला जस्ता हात तिनै हुन् । यसको हिँडाइ त्यसको जस्तै छ । यो, अर्जुन हो, अर्को मान्छे होइन ।]

व्याकरण[३४] र कोषहरूमा[३५] स्वास्नीमान्छे लोग्नेमान्छे दुवैको चिह्न भएको नपुंसकलाई *पोटा* शब्दले बुझाए जस्तै, घरकमा चाहिँ त्यस्ता नपुंसकलाई *द्विरेता*[३६] शब्दले बुझाएको देखिएको छ । यताबाट *पोटा* वा *द्विरेता*मा लोग्नेमान्छे र स्वास्नीमान्छेका लक्षण छचासमिस भएका हुन्छन् भन्ने बुझिन्छ ।

यस कारण बृहन्नडाले विराटलाई

बृहन्नडां वै नरदेव विद्धि मां सुतं सुतां वा पितृमातृवर्जिताम् ।।[३७]

[सरकार, बाबुआमा नभएकी, बृहन्नडा भन्ने छोरा वा छोरी भनेर मलाई चिनिबक्स्योस् ।]

भस्तो भनी आफ्नो परिचय दिएकोले र कौरवहरूले बृहन्नडालाई देखदा

---

३४. **पोटायुवतिस्तोककतिपयगृष्टिधेनुवशावेहद्बष्कयणीप्रवक्तृश्रोत्रियाध्यापकधूर्तजातिः १।१।६५**

उभयव्यञ्जना पोटा इत्यभिधीयते । गृष्टिरेकवारप्रसूता । धेनुः प्रत्यग्रप्रसूता । वशा वन्ध्या । वेहद् गर्भपातिनी । बष्कयणी तरुणवत्सा । पोटादिभिः सह जातिवाचि सुबन्तं समस्यते, तत्पुरुषश्च समासो भवति । इभपोटा । इभयुवतिः । ...

(काशिका)

[वि. सं २०२६–२०२७ मा हैदराबादबाट उस्मानियाविश्वविद्यालयको संस्कृतपरिषद्द्वारा प्रकाशित, आयेन्द्र शर्मा, खण्डेराव देशपाण्डे र द. गो. पाध्येको *काशिका*को ११६ पृष्ठ ।]

[समानाधिकरणलाई बुझाउने [एउटै पूर्वपदले जसलाई बुझाएको छ, उत्तरपदले पनि उसैलाई बुझाउने]; पोटा, युवति, स्तोक, कतिपय, गृष्टि, धेनु, वशा, वेहद्, बष्कयणी, प्रवक्तृ, श्रोत्रिय, अध्यापक, धूर्त यी सुबन्तसँग जाति-वाचक सुबन्तको विकल्पले समास हुन्छ । तत्पुरुषसमास हुन्छ ।

दुवैको [स्वास्नीमान्छे लोग्नेमान्छेको] चिनो भएको पोटा भनेर भनिन्छ । गृष्टिः = एक बेत ब्याएकी (गाई) । धेनुः = लैनी (गाई) । वशा = बाँझी (गाई) । वेहद् = गर्भ गिराउने (गाई) । बष्कयणी = बाछाबाछी ठूला भइसकेकी (गाई) [बकेनी गाई] । पोटा आदिसँग जातिवाचक सुबन्तको समास हुन्छ, तत्पुरुषसमास हुन्छ । इभपोटा = [दुवैको चिनो भएकी ढोई] इभयुवति = [तरुनी ढोई ।]

३५. यही निबन्धको ८ सङ्ख्याको पादटिप्पणी ।

३६. यही निबन्धको १९ सङ्ख्याको पादटिप्पणीको माथिको दोस्रो श्लोक ।

३७. यही निबन्धको ३२ सङ्ख्याको पादटिप्पणीको माथिको नवौं श्लोक ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किंचिदस्य यथा पुंसः किंचिदस्य यथा स्त्रियः ।
सारूप्यमर्जुनस्येव क्लीबरूपं बिभर्ति च ।।[३८]

[यसको केही लोग्नेमान्छेको जस्तो छ, यसको केही स्वास्नीमान्छेको जस्तो छ । यसको अनुहार अर्जुनको जस्तो छ, (यसले) क्लीबको रूप धरेको छ ।]

यस्तो भनेकाले अर्जुनले स्वास्नीमान्छे नपुंसकको रूप धरे पनि उनले आफू *पोटा* [स्वास्नीमान्छे लोग्नेमान्छे दुवैको चिह्न भएको नपुंसक] भएको भान पार्न खोजेको हो भन्ने देखिन गएको छ ।

धेरैजसा कोषहरूमा *पोटा*लाई[३९] अरू अरू खालका नपुंसकसँग छुट्टचाएको देखिएको र षण्ढलाई चाहिं अरू अरू खालका नपुंसकसँग मिसाइएको देखिए तापनि[४०] व्याकरणशास्त्रमा *पोटा* र षण्ढ[४१]लाई पर्याय मानिएको कुराको चर्चा यहाँनिर गर्नुपरेको छ । *अष्टाध्यायी*को २।१।६५ मा आएको *पोटा* शब्दको व्याख्या गर्दा *काशिका*को टीका *पदमञ्जरी*मा *पोटा* शब्द स्त्रीलिङ्गमा भए तापनि यसले स्वास्नीमान्छे लोग्नेमान्छे दुवैको चिह्न भएको नपुंसकलाई बुझाउँछ, जस्तो कि त्यस्तै अर्थ भएको षण्ड शब्दचाहिं पुंलिङ्गमा छ भनी लेखिएको छ–

> ... उभयव्यञ्जनेति । व्यज्यते ऽनेन स्त्रीत्वादिकमिति व्यञ्जनम् = स्तनादि, उभयोः स्त्रीपुंसयोर्व्यञ्जनं यस्याः सा तथोक्ता, नपुंसके पोटेत्यर्थः ।
>
> पोटाशब्दस्तु तत्रापि स्त्रीत्वयुक्तः प्रवर्तते ।
> शब्दानां चित्रशक्तित्वात् षण्डशब्दो यथा पुमान् ।।[४२]

---

३८. यही निबन्धको ३३ सङ्ख्याको पादटिप्पणीको माथिको चारौं श्लोक ।

३९. यही निबन्धको ८ सङ्ख्याको पादटिप्पणी ।

४०. यही निबन्धको ७ सङ्ख्याको पादटिप्पणी ।

४१. *पदमञ्जरी*मा षण्ढ नलेखी षण्ड लेखिएको छ । नपुंसकको अर्थमा *शण्ड, शण्ढ, षण्ड, षण्ढ* यी चारै रूप चलन-चलतीमा रहेका देखिएका छन् ।

(वि. सं. २०४२ मा प्रकाशित *पूर्णिमा*को ६६ अङ्कका २७–३१ पृष्ठमा छापिएको, महेशराज पन्तको *नपुंसकको अर्थमा शण्ड, षण्ढ, षण्ड, षण्ढ यी चारै रूप कोषमा चढेका छन्* भन्ने निबन्ध ।)

४२. *पदमञ्जरी* २।१।६५ ।

[वि. सं. २०२२ मा वाराणसीबाट प्राच्यभारतीप्रकाशनद्वारा प्रकाशित, द्वारिकादास शास्त्री र कालिकाप्रसाद शुक्लको *बोधिसत्त्वदेशीयाचार्यजिनेन्द्रबुद्धिपादावरचितया न्यासापरपर्यायकाशिकाविवरणपञ्जिकया विद्वद्वर-हरदत्तमिश्रविरचितया पदमञ्जरीव्याख्यया च सहिता श्रीमद्वामनजयादित्यविरचिता काशिकावृत्तिः* [बोधिसत्त्वदेशीय माननीय आचार्य जिनेन्द्रबुद्धिले बनाएको न्यास भन्ने ऊर्को नाउँ भएको काशिकाविवरण-पञ्जिकाले र विद्वान्हरूमा श्रेष्ठ हरदत्त मिश्रले बनाएको पदमञ्जरी व्याख्याले सहित भएको, श्रीमान् वामन र जयादित्यले बनाएको काशिकावृत्ति] को दोस्रो भागका ८६–८७ पृष्ठ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[उभयव्यञ्जना इत्यादि । यसद्वारा स्वास्नीमान्छेपना आदि व्यक्त हुन्छ भनेर व्यञ्जन [चिह्न] — स्तन आदि, स्वास्नीमान्छे लोग्नेमान्छे दुवैको व्यञ्जन [चिह्न] जसको (छ), त्यस्तो भनिएको त्यो । नपुंसकमा पोटा भन्ने छ ।

पोटा शब्द त त्यहाँ [स्वास्नीमान्छे लोग्नेमान्छे दुवैको चिनो भएको नपुंसकमा] पनि स्त्रीलिङ्गी छ । शब्द-हरूको चित्रविचित्रको शक्ति भएको हुनाले षण्ड शब्दचाहिं जसरी पुंलिङ्गी छ ।]

हरदत्तको यस लेखाइअनुसार स्त्रीलिङ्गमा भएको *पोटा* र पुंलिङ्गमा भएको षण्ड यी दुवै शब्दले लोग्नेमान्छे स्वास्नी-मान्छे दुवैको चिह्न भएका नपुंसकलाई बुझाउँछन् भन्ने कुरामा शङ्का रहँदैन । यताबाट पनि बृहन्नडालाई *पोटा*को अर्थमा षण्ढ भनेको जस्तो देखिन गएको छ । तर अर्जुनले नपुंसकको रूप धर्दा स्वास्नीमान्छेको जस्तो सिँगारपटार पारेको र नाउँ पनि स्वास्नीमान्छेको राखेकोले उनले आफूमा *पोटा*त्व देखाउन खोज्दा खोज्दै पनि आफूमा पुंस्त्वभन्दा स्त्रीत्व बढी भएको नपुंसक देखाउन खोजेका थिए भन्ने कुरामा शङ्का छैन ।

*भारतीय नाटचशास्त्र*को माथि उद्धरण गरिएको अंशमा *औपस्थायिकनिर्मुण्ड* शब्द दुइ ठाउँमा परेको छ । तीमध्ये दुवै ठाउँमा *वर्षधर*पछि *औपस्थायिकनिर्मुण्ड*को चर्चा आएको छ । *वर्षधर*को लक्षण दिएपछि त्यहाँ *निर्मुण्ड*को लक्षण दिइएको छ । माथि दुइ ठाउँमा *औपस्थायिकनिर्मुण्ड* शब्द आएको र लक्षण दिँदा भने *निर्मुण्ड*को दिइएकोले यस विषयमा केही विचार गर्नुपरेको छ ।

यहाँ हेर्दा आफूले दोहन्याइसकेको समस्तपद *औपस्थायिकनिर्मुण्ड* तेहन्याउनुपर्दा पूरा लेख्ने जरूरत नसम्झी *भारतीय नाटचशास्त्र*का कर्ताले समस्तपदको पछिल्लो शब्द *निर्मुण्ड* मात्र दोहन्याएका हुन् भन्ने देखिन्छ । यस कारण *औपस्थायिकनिर्मुण्ड*को शब्दशब्दको अर्थ जेसुकै भए पनि यो समस्तपद द्वन्द्वसमास गरी बनाइएको नभई कर्मधारयसमास गरी बनाइएको जस्तो देखिन्छ । यस कारण *औपस्थायिकनिर्मुण्ड* भन्ने एक प्रकारका नपुंसक हुन्छन् भन्ने कुरा देखिएको छ ।

*भारतीय नाटचशास्त्र*मा *निर्मुण्ड*को लक्षण दिँदा जुन लोग्नेमान्छे[ये पुरुषाः]नपुंसक छन् [नपुंसकाः], तर स्वास्नी-मान्छेको जस्तो जसको स्वभाव छैन [स्त्रीस्वभावेन वर्जिताः] र जसलाई कामवासनाको विषयमा विशेष कुरा थाहा छैन [कामविज्ञानवर्जिताः], तिनीहरूलाई *निर्मुण्ड* भन्नुपर्छ भनी लेखिएकोले यिनीहरू *वर्षधर* जस्ता बनाइएका नपुंसक हुन् भन्ने कुरा को ऋत्कोसम्म पनि आउँदैन भन्ने कुरा मैले माथि पनि लेखिसकेको हुँ ।[४३] तर मनोमोहन घोषले *औपस्थायिकनिर्मुण्ड*को शब्दशब्दको अर्थ गर्न खोज्दा उपस्थ अर्थात् लिङ्गको मुण्ड अर्थात् सुपारी नभएको भनी लेखेको र पछि वास्तव अर्थ बिर्सी *भारतीय नाटचशास्त्र*मा त्यस्तो परिभाषा दिइएको हो कि भनी लेखेको कुरा पनि यहाँनिर हाल्नुपरेको छ—

निर्मुण्ड अर् औपस्थायिक-निर्मुण्ड प्रब्अब्लि मेन्ट् वन् हू ह्याड् द हेड् (मुण्ड) अफ् हिज् मेम्ब्रम्-भिर्आइल्(उपस्थ) फट् अफ् । द डेफ्इनिशअन् गिभ्न् हीर् सीम्ज् टु ह्याभ् बीन् डचू टु ए फन्फक्शन् ह्वेन्

---

४३. यही निबन्धका ७–८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द रीअल् सिग्निफ्इकन्स् वज् लस्ट् साइट् अफ् ।[४४]

[निर्मुण्ड वा औपस्थायिक–निर्मुण्ड भनेर लिङ्ग [उपस्थ] को सुपारी काटिएको मान्छेलाई भनेको हुनुपर्छ । यहाँ दिइएको लक्षण, वास्तव अर्थ ओझेल हुँदा गढ्नाले भएको देखिन्छ ।]

संस्कृत नाटकको विषयमा इतिहासको दृष्टिले विचार गर्ने अर्थर बेरिडेल कीथको धारणा भने *औपस्थायिक* र *निर्मुण्ड* भिन्नाभिन्नै हुन् भन्ने भएको यस प्रसङ्गमा लेख्नुपरेको छ—

द यूनक्स् (वर्षधर, *निर्मुण्ड, उपस्थायिक*) आर् इफेम्इनट् यान्ड् काउअर्ड्लि बट् नट् ल्याक्इङ इन् साभ्वार् फेर; दे फाइन्ड् इम्प्लइमेन्ट् इन् द किङ्'ज् अमुर्ज् ।[४५]

[खसी पारेका मान्छे (वर्षधर, निर्मुण्ड, उपस्थायिक) स्वास्नीमान्छे जस्ता र काँथर हुन्छन्, तर व्यवहार-कुशलताका कम हुँदैनन्; तिनीहरू राजाको इश्कबाजीसम्बन्धी काममा रोजगार पाउँछन् ।]

भारतीय *नाटचशास्त्र*को नेपालीमा उल्था गर्ने गोविन्दप्रसाद भट्टराईको पनि *औपस्थायिक* र *निर्मुण्ड* फरक फरक हुन् भन्ने नै विचार भएको कुरा पनि यस प्रसङ्गमा लेख्नुपरेको छ—

जुन स्नातक–कञ्चुकी–वर्षधर तथा स्तुतिपाठक, निर्मुण्ड छन्, तिनीहरूलाई चोकको कक्षा स्थानहरूमा राख्नू ।५१।

त्यस्तै वर्षधरहरूलाई उनीहरूले चाहेको काममा खटाउनू, औपस्थानिक (स्तुतिपाठक) र निर्मुण्डहरूलाई, स्त्रीहरूलाई कहीं पठाउनुपर्दा साथमा लगाई पठाउनू ।५४।

जुन पुरुषहरू नपुंसक छन् र स्त्रीको स्वभावले वर्जित छन्, कामशास्त्रको विज्ञानले वर्जित तिनीहरूको नाम निर्मुण्ढ हो भनेर जान्नू ।५७।[४६]

अर्थर बेरिडेल कीथको र गोविन्दप्रसाद भट्टराईका यी लेखाइअनुसार उनीहरूले *औपस्थायिक* र *निर्मुण्ड* फरक फरक मानेको मात्र नभई *औपस्थायिक* रूप सिद्ध गर्न गाह्रो भएकोले होला, *औपस्थायिक*को ठाउँमा कीथले *उपस्थायिक* र भट्टराईले *औपस्थानिक* पाठ सकारेको देखिएको छ । यति मात्र नभई मनोमोहन घोषले *औपस्थायिक* शब्दलाई उपस्थ[लिङ्ग]सँग सम्बद्ध गरेकोमा गोविन्दप्रसाद भट्टराईले *औपस्थानिक* शब्दलाई उपस्थान [स्तुति]सँग सम्बद्ध गरेको कुरा पनि यतैबाट देखिन्छ ।

---

४४. वि. सं २०१८ मा कलकत्ताबाट एशियाटिक सोसाइटीद्वारा प्रकाशित, मनोमोहन घोषको *द नाटचशास्त्र; ए ट्रीटिज् अन् हिन्दू ड्रामयाटर्जि यान्ड् हिसाट्रओनिक्स्* [नाटचशास्त्र अर्थात् हिन्दू नाटचशास्त्र र नाटचकला] को दोस्रो भागको २१० पृष्ठ ।

४५. वि. सं. १९८० मा लन्डनबाट अक्सफोर्ड युनिभर्सिटी प्रेसबाट प्रकाशित, अर्थर बेरिडेल कीथको *द स्यान्स्क्रिट् ड्राम* [संस्कृत नाटक]को ३१३ पृष्ठ ।

४६. वि. सं. २०३९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, गोविन्दप्रसाद भट्टराईको *भरतमुनिको नाटच–शास्त्र*को ४१० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*भारतीय नाटचशास्त्र*का छापा पुस्तकहरूबाट माथि उद्धरण गरिएका दुवै श्लोकमा *औपस्थायिक* पाठ भएकोमा *नाटचशास्त्र*का नेपालमा सारिएका पुराना पुस्तकहरूमा पहिलो श्लोकमा *औपस्थायिक*को ठाउँमा *उपस्थायिक* पाठ भएको कुरा यहाँनिर भन्नुपरेको छ।[४७]

ग्रह् आदि गणमा पढिएको स्था धातुदेखि णिनि प्रत्यय गरी स्थायी शब्द बन्ने र स्थायीदेखि स्वार्थमा कन् प्रत्यय गरी स्थायिक रूप बनाउन नसकिने होइन। स्था धातुमा उप उपसर्ग लाग्दा पनि रूपमा फरक नपर्ने हुनाले[४८] *भारतीय नाटचशास्त्र*का नेपालमा सारिएका पुस्तकहरूमा भएको *उपस्थायिक* पाठ, व्याकरणबाट सिद्ध गर्न बाह्रौं *औपस्थायिक*भन्दा राम्रो छ भनी भन्न सकिन्छ। यस कारण कोथले सकारेको *उपस्थायिक* पाठ, पाठोद्धारको दृष्टिले र व्याकरणको दृष्टिले ठीक छ भनी निर्धक्कसँग भन्न सकिन्छ।

चेतनादि गणमा पढिएको, तृतीयासमर्थ उपस्थान शब्ददेखि उपस्थान गरेर जीविका चलाउँछ भन्ने अर्थमा ठक् [इक] प्रत्यय पर्दा तद्धित ठक् प्रत्यय कित् [क्को इत्संज्ञा हुने] भएकोले आदिवृद्धि भई *औपस्थानिक* रूप बन्ने हुनाले पण्डित गोविन्दप्रसाद भट्टराईले *औपस्थायिक*को सट्टा *औपस्थानिक* पाठ प्रामाणिक मानी संशोधन गरेको जस्तो देखिन्छ।[४९] तर मैले देखेका *भारतीय नाटचशास्त्र*का तीनै थरी संस्करणमा[५०] र *भारतीय नाटचशास्त्र*का पुराना नेपाली लेखोट पुस्तकमा[५१] पनि *औपस्थानिक* पाठ नदेखिएकाले गोविन्दप्रसाद भट्टराईको पाठ सहजै स्वीकार गर्न सकिँदैन।

*औपस्थायिक*सम्बन्धी प्रश्नमा बढी विचार गर्न मदत मिल्ने हुनाले औँलाले ठोकेर बजाइने बाजाको ध्वनिको आधारमा विभिन्न प्रकारका गतिको बोध गराउने विषयमा *भारतीय नाटचशास्त्र*मा लेखिएका कुराबाट एक वाक्य सारी यहाँ हाल्नुपरेको छ। तर *नाटचशास्त्र*का मैले देखे जति संस्करणमा त्यस वाक्यका पाठ शुद्ध अवस्थामा छापिएका छैनन् भन्ने कुरा ती ती संस्करणबाट तल गरिएका उद्धरणबाट स्पष्ट हुन्छ।

*भारतीय नाटचशास्त्र*को शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको संस्करणमा सो वाक्य

विघष्कोपस्थापकनिर्मुण्डवर्षधा(व)रादीनां घे घे टां टां णां णां प्रायम्।[५२]

---

४७. नेपाली लेखोट पुस्तकहरूका पाठ पूर्णिमामा छापिँदैछन्।

४८. *पाणिनीय व्याकरण*अनुसार *उपस्थायिक, औपस्थानिक, उपस्थापक* र *उपस्थानक* रूप सिद्ध गर्न सकिन्छन् भन्ने निबन्धमा मैले यस विषयमा लेखेको छु। सो निबन्ध पूर्णिमामा छापिँदैछ।

४९. *औपस्थानिक*को रूपसिद्धि पूर्णिमामा छापिँदैछ।

५०. शिवदत्त र पाण्डुरङ्ग परबको *भारतीय नाटचशास्त्र* २४।५१, ५४।
बटुकनाथ शर्मा र बलदेव उपाध्यायको *भारतीय नाटचशास्त्र* ३४।६२।
मनोमोहन घोषको *भारतीय नाटचशास्त्र* २४।७२, ७७।

५१. नेपाली लेखोट पुस्तकहरूका पाठ पूर्णिमामा छापिँदैछन्।

५२. ३४।२००+, ४३१ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यसरी छापिएको छ भने

*भारतीय नाटचशास्त्र*को बटुकनाथ शर्मा र बलदेव उपाध्यायको संस्करणमा भने सो वाक्य

विदूषकोपस्थापकण्डवनिर्मुर्षवरादीनां घे घेंस्ताणोण्णादोण्णण्णामिति वाद्यम् ।[५३]

यसरी छापिएको छ ।[५४]

*अभिनवभारती*सहितको *भारतीय नाटचशास्त्र*को संस्करणमा सो वाक्य मूलपाठमा र भिन्नपाठक्रममा गरी दुई पटक आएको छ ।

मूलपाठमा

औपस्थापक निर्मुण्डवर्षवरादीनां
घेटांघोटांभांटांण्णाणाप्रायम् ।[५५]

भनी छापिएको छ ।

भिन्नपाठक्रममा चाहिं

विदूषकोपधापनषण्डवर्षवरादीनां घें घें त्राणोण्णा दो ण्णा ण्णा ण्णामिति वाक्यं पुनश्चैव ।[५६]

भनी छापिएको छ ।

मूलपाठको टीकामा *औपस्थापक*को पछाडि कोष्ठमा पढी *औपस्थायिक* पाठ नै सकारिएको छ[५७] र भिन्न पाठक्रमको टिप्पणीमा षण्डको ठाउँमा मुण्ड पाठ दिइएको छ[५८] भन्ने कुरा पनि यहाँनिर भन्नुपरेको छ ।

---

५३. ३३।२१६+, ४५२ पृष्ठ ।

५४. *भारतीय नाटचशास्त्र*को मनोमोहन घोषको संस्करणको दोस्रो भागमा सम्बद्ध अंश परेको छ । तर त्यो भाग यहिले आफनो पासमा नहुनाले त्यो वाक्य यहाँ उद्धरण गर्न सकिएन तापनि त्यस भागको मनोमोहन घोषले गरेको अङ्ग्रेजी उल्थामा त्यसभन्दा अघिल्लो र पछिल्लो वाक्यको मात्र उल्था परेकोले र त्यस वाक्यको उल्था नपरेको देखिएकोले (अंग्रेजी उल्था दोस्रो भागको १९२ पृष्ठ) मनोमोहन घोषको संस्करणमा त्यो वाक्य हुँदै नभएको देखिन्छ ।

५५. वि. सं. २०२१ मा बडोदाबाट ओरियन्टल इन्स्टिटचुटद्वारा प्रकाशित, रामकृष्ण कवि र जे. एस. पादेको *नाटचशास्त्रम् । श्रीमदभिनवगुप्ताचार्यविरचितविवृतिसहितम् ।* [श्रीमान् अभिनवगुप्ताचार्यले बनाएको विवृतिसहितको नाटचशास्त्र] ३४।२३४, चारौं भागको ४५३ पृष्ठ ।

५६. उही पुस्तकको ४८६ पृष्ठ ।

५७. औपस्थायि(प)को ···
(उही पुस्तकको ४५३ पृष्ठ)

५८. उही पुस्तकको ४८६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यस वाक्यमा परेको ताल संस्करणपीछे फरक परेको कुरा यहाँ स्पष्ट देखिएको छ तापनि प्रकृत निबन्धमा त्यस विषयमा हामीलाई चासो परेको छैन । तर हामीलाई चासो परेका नपुंसकहरूको पनि यहाँ उल्लेख भएकोले यो वाक्य शुद्धसँग पढ्नु हाम्रो लागि जरूरी भएको छ ।

शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबको संस्करणमा त्यस वाक्यको समस्तपदका पहिला दुइ शब्द *विघष्कोपस्थापक* भनी छापिएकोमा बटुकनाथ शर्मा र बलदेव उपाध्यायकोमा *विदूषकोपस्थापक* भनी छापिएकोले र *विघष्क*को कुनै अर्थ नभएकोले यो अपपाठ हो र शुद्ध पाठ *विदूषक* हो भनी निर्णय गर्न सकिन्छ । त्यस्तै गरेर त्यस समस्तपदको त्यसपछिका शब्द शिवदत्त र काशीनाथ पाण्डुरङ्ग परबकोमा *निर्मुण्डवर्षधा(व)रादीनां* भनी छापिएकोमा बटुकनाथ शर्मा र बलदेव उपाध्यायकोमा *ण्डवनिर्मुण्वरादीनां* भनी छापिएकोले शर्माको र उपाध्यायको संस्करणमा गज्याङमज्याङ गरी पाठ दिइएको रहेछ भन्ने कुरा स्पष्ट छ ।

त्यस्तै *अभिनवभारती*सहितको *भारतीय नाटचशास्त्र*को संस्करणमा मूलपाठमा *विदूषक* शब्द छुटेको र मूल-पाठको *औपस्थापकानर्मुण्ड* भिन्न पाठक्रममा *उपधापनषण्ड* हुन गएको टड्कारै देखिन्छ ।

यसो भए तापनि यी पाठ भिडाई हेर्दा त्यस समस्त पदको शुद्ध पाठ

विदूषकोपस्थापकनिर्मुण्डवर्षवरादीनां

हो भन्ने कुरा निर्णय गर्न सकिन्छ ।

यस प्रसङ्गमा *भारतीय नाटचशास्त्र*का नेपाली लेखोट पुस्तक पनि पल्टाई हेर्दा ती पुस्तकमा

वाद्यं प्रयोज्यं दैत्यदानवविदूषकोपस्थानकनिर्मुण्डवर्षवरादीनां घोटा देटा । णाणा दोणा णाणावि ति ।।[५९]

भनी लेखिएकोले छापा पुस्तक दाँजी निर्णय गरिएको पाठको पुष्टि पुराना लेखोट पुस्तकहरूबाट पनि भएको स्पष्ट देखिन्छ । यसो भए तापनि दुइवटा छापा पुस्तकहरूमा *उपस्थापक* पाठ भएकोमा लेखोट पुस्तकहरूमा *उपस्थानक* पाठ भएको कुरा देखाइरहनुपर्दैन ।

णिच् प्रत्यय भएको स्था धातुदेखि पुक् आगम हुँदा स्थापि र स्थापिदेखि ण्वुल् [वु = अक] प्रत्यय भई स्थापक बन्ने र स्था धातुमा उप उपसर्ग लाग्दा पनि रूपमा फरक नपर्ने हुनाले दुइवटा छापा पुस्तकहरूमा भएको *उपस्थापक* पाठ व्याकरणको दृष्टिले जति शुद्ध छ[६०], स्था धातुदेखि ल्युट् [यु = अन] प्रत्यय भई बनेको स्थान

---

५९. क पुस्तकको २४१ ख पत्रमा ।
ख पुस्तकको ३६८ पत्रमा । वाद्यंको ठाउँमा व्राद्यं ।
ग पुस्तकको ३२८ क पत्रमा ।
घ पुस्तकको १८६ ख–१८७ क पत्रमा ।
ङ पुस्तकको १७३ क पत्रमा ।
च पुस्तकको१७६ क पत्रमा ।
यी लेखोट पुस्तकहरूको परिचय *पूर्णिमा*मा छापिँदैछ ।

६०. *उपस्थापक*को रूपसिद्धि *पूर्णिमा*मा छापिँदैछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अन्तर्वेलि स्वार्थमा कन् प्रत्यय गर्दा स्थानक रूप बन्ने र स्था धातुमा उप उपसर्ग लाग्दा पनि रूपमा फरक नपर्ने हुनाले नेपाली लेखोट पुस्तकहरूमा भएको *उपस्थानक* पाठ पनि त्यति नै शुद्ध छ भनी भन्न नसकिने होइन।[६१]

*भारतीय नाटचशास्त्र*मा *निर्मुण्डसँगै* पद्यमा आएको *औपस्थायिक* रूप व्याकरणबाट सिद्ध गर्न गाह्रो भए तापनि *भारतीय नाटचशास्त्र*मा *निर्मुण्डसँगै* गद्यमा आएको *उपस्थानक* वा *उपस्थापक* रूप व्याकरणबाट सिद्ध गर्न सकिन्छ भन्ने कुरा यतासम्मका कुराबाट स्पष्ट भएको छ। यस कारण *औपस्थायिक*को ठाउँमा व्याकरणसम्मत, तर *नाटचशास्त्र*का छापा लेखोट पुस्तकमा नभएको *औपस्थानिक* पाठ स्वीकार गर्नुभन्दा *नाटचशास्त्र*मै *निर्मुण्डसँगै* अन्यत्र आएको व्याकरणसम्मत *उपस्थानक* वा *उपस्थापक* पाठ स्वीकार गर्नु बढी युक्तिसङ्गत ठहरिन्छ।

यसो भए तापनि ग्रन्थकर्ताले प्रयोग गरे जति सबै शब्द व्याकरणसम्मत नै हुन्छन् भन्ने नभएकोले र *रामायण महाभारत* जस्ता प्रामाणिक ग्रन्थहरूमा पनि अपाणिनीय रूप देखिएकाले र *भारतीय नाटचशास्त्र* पनि त्यसको अपवाद नभएकोले[६२] *नाटचशास्त्र*मा पद्यमा आएको *औपस्थायिक* पाठ व्याकरणबाट सिद्ध गर्न गाह्रो भए पनि ग्रन्थकर्ताले प्रयोग गरेको होइन भनी भन्न सकिन्न। दुर्भाग्यले गर्दा प्राचीन भारतीय ग्रन्थको मूल पाठको निर्णय गर्ने पद्धति अझै राम्ररी नबसिसकेको यस अवस्थामा यस विषयमा योभन्दा बढी बोल्ने स्थितिमा म छैन।[६३]

मनोमोहन घोषले *औपस्थायिकनिर्मुण्ड*को कर्मधारयानुसारी अर्थ गरेको र अर्थर बेरिडेल कीथ र गोविन्दप्रसाद भट्टराईले द्वन्द्वानुसारी अर्थ गरेकाले *औपस्थायिकनिर्मुण्ड* भनेको एकै थरी हुन् कि *औपस्थायिक* भिन्नै, *निर्मुण्ड* भिन्नै हुन् भन्ने शङ्का उठन गएको छ। यस कारण *औपस्थायिकनिर्मुण्ड*को वास्तव अर्थ पत्ता लाउने कोशिश नगरी नहुने भएको छ।

*भारतीय नाट्यशास्त्र*को सम्बद्ध अंशको *अभिनवभारती* टीका मैले हेर्न नपाएको कुरा माथि लेखिसकेको छु। तर *भारतीय नाटचशास्त्र*मा *औपस्थायिकनिर्मुण्ड*को अन्त एक ठाउँमा पनि प्रसङ्ग आएको कुरा पनि माथि परिसकेको छ। त्यस अंशको *अभिनवभारती* टीका सौभाग्यवश यहाँ भेट्टिएकोले यस प्रसङ्गमा केही लेख्नुपरेको छ।

सबभन्दा पहिले *अभिनवभारती*सहितको *भारतीय नाट्यशास्त्र*को संस्करणबाट *नाट्यशास्त्र*को सम्बद्ध अंशको मूल वाक्य यहाँ उतार्नुपरेको छ—

औपस्थापक निर्मुण्डवर्षवरादीनां
घेटांघोंटांभांटांण्णाणाप्रायम्।
वृद्धश्रोत्रियकञ्चुकिस्थूलादीनां
खोंध्रोध्रोखोखो इति प्रायम्॥

---

६१. *उपस्थानक*को रूपसिद्धि *पूर्णिमा*मा छापिँदैछ।

६२. वि.सं. २०२४ मा कलकत्ताबाट मनीषा ग्रन्थालय प्राइभेट लिमिटेडद्वारा प्रकाशित, मनोमोहन घोषको *द नाट्यशास्त्र अस्काइब्ड्, टु भरत-मुनि*को पहिलो भागको *इन्ट्रडक्शन्*का ५५-५६ पृष्ठ।

६३. वि.सं. २०४० मा प्रकाशित *पूर्णिमा*को ५८ अङ्कमा छापिएको, महेशराज पन्तको के *श्री ५ पृथ्वीनारायण शाहको उपदेश संशोधन-मण्डलको विद्वत्ताको अनुपयुक्त नमूना हो त?* भन्ने निबन्ध, सो अङ्कको १६ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गजवाजिखरोष्ट्ररथविमानयानेषु वंकिटिप्रायम् ।।

सर्वत्रोत्तममध्यमाधमेषु पुरुषेष्वित्थं रसभावानसमीक्ष्य वाद्यं प्रयोक्तव्यम् । एवं तावत् पुरुषवाद्यम् ।[६४]

माथि उद्धरण गरिएका वाक्यको टीका अभिनवगुप्तले यसरी गरेका छन्–

औपस्थाय(प)को ..... प्रतिनटः । निर्मुण्डा जातिखलातः ।[६५]

*अभिनवभारती*का यी वाक्य खण्डित भए पनि यताबाट *औपस्थायिक* भिन्ने र *निर्मुण्ड* भिन्ने देखिन्छन् भन्ने कुराचाहिं स्पष्ट छ । *औपस्थायिक*पछि निकै अक्षर लुप्त भएपछि *प्रतिनट* आएको र *प्रतिनट*को लगत्तै *निर्मुण्ड* आएकोले *प्रतिनट*को सम्बन्ध अघिल्लो पद *औपस्थायिक*सँग रहेछ भन्ने अडकल गर्न सकिन्छ ।

प्रतिनट शब्दको वास्तव अर्थ थाहा नभए पनि नटुवा भन्ने अर्थमा रहेको नट शब्दको अघिल्तिर प्रति थपिई *प्रतिनट* शब्द बनाइएको हो भन्ने कुरामा चाहिं शङ्का छैन । प्रति शब्दका कैयन् अर्थमध्ये प्रतिनिधि [बारेस], प्रशस्ति [प्रशंसा] र विरोध पनि हुने कुरा व्याकरण र कोषग्रन्थबाट बुझिन्छ ।[६६] यिनका उदाहरणका रूपमा संज्ञा-

---

६४. *भारतीय नाटचशास्त्र* ३४।२३४–२३५ ।
[*अभिनवभारती*सहितको *भारतीय नाट्यशास्त्र*को चारौं भागको ४५३ पृष्ठ ।]

६५. *भारतीय नाटचशास्त्र* ३४।२३४–२३५ मा *अभिनवभारती* ।
[*अभिनवभारती*सहितको *भारतीय नाट्यशास्त्र*को चारौं भागको ४५३ पृष्ठ ।]

६६. लक्षणेत्थंभूताख्यानभागवीप्सासु प्रतिपर्यनवः १।४।९०
लक्षणे, इत्थंभूताख्याने, भागे, वीप्सायां च विषयभूतायां प्रति परि अनु इत्येते कर्मप्रवचनीयसञ्ज्ञा भवन्ति । ...

(*काशिका* ९५ पृष्ठ)

[लक्षण [चिनाउनु], इत्थंभूताख्यान [यस किसिमको छ भन्नु], भाग [पाउने हिस्सा] र वीप्सा [सबैमा हुनु] भन्ने अर्थमा प्रति, परि र अनु निपात कर्मप्रवचनीय भन्ने नाउँ भएका हुन्छन् ।
लक्षण, इत्थंभूताख्यान, भाग र वीप्सा विषय भएमा प्रति, परि र अनु यति कर्मप्रवचनीय भन्ने नाउँ भएका हुन्छन् ।]

प्रतिः प्रतिनिधिप्रतिदानयोः १।४।९२
मुख्यसदृशः प्रतिनिधिः । दत्तस्य प्रतिनिर्यातनं प्रतिदानम् । प्रतिनिधिविषये प्रतिदानविषये च प्रतिः कर्मप्रवचनीयसञ्ज्ञो भवति । ...

(*काशिका* ९५ पृष्ठ)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[प्रतिनिधि [वारेस] र प्रतिदान [सट्टा तिर्नु] भन्ने अर्थमा प्रति निपात, कर्मप्रवचनीय भन्ने नाउँ भएको हुन्छ ।

मुख्य बराबरको प्रतिनिधि हुन्छ । दिएको फिर्ता तिर्नु प्रतिदान हुन्छ । प्रतिनिधि भन्ने विषयमा र प्रतिदान भन्ने विषयमा प्रति कर्मप्रवचनीय भन्ने नाउँ भएको हुन्छ ।]

सुप् प्रतिना मात्रार्थे २।१।९

मात्रा बिन्दुः, स्तोकम्, अल्पम् इति पर्यायाः । मात्रार्थे वर्तमानेन प्रतिना सह सुबन्तं समस्यते, अव्ययीभावश्च समासो भवति ।

(काशिका १०२ पृष्ठ)

[अलिकता भन्ने अर्थमा भएको प्रतिसँग सुबन्तको समास हुन्छ, अव्ययीभावसमास हुन्छ ।

मात्रा, बिन्दुः, स्तोकम् र अल्पम् पर्याय हुन् । मात्राको अर्थमा रहेको प्रतिसँग सुबन्तको समास हुन्छ । अव्ययीभाव समास हुन्छ ।]

प्रति प्रतिनिधौ वीप्सालक्षणादौ प्रयोगतः ।।

(अमरकोष ३।३।२४५)

[प्रतिनिधि [वारेस] भन्ने अर्थमा, वीप्सा [सबैमा हुनु] र लक्षण [चिनाउनु] आदि अर्थमा प्रयोगअनुसार प्रति हुन्छ ।]

प्रति ८ [प्रतिनिधि (सट्टा) । वीप्सा (व्यापनेच्छा) । लक्षण (परिचायन = चिनाउनु) । इत्यादिलाई बुझाउछ] । शिष्टहरुले गरेका प्रयोगवाट [इत्थंभूताख्यान । भाग । प्रतिदान प्रभृति अर्थ पनि बुझ्नु पर्दछ ।]

(वि. सं २०२६ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, कुलचन्द्र गौतमको *अमरकोशः विद्वद्वरामरसिंहविरचितः* [विद्वान्हरूमा श्रेष्ठ अमरसिंहले बनाएको अमरकोष] को २६५ पृष्ठ)

प्रति, ··· अस्यार्थाः । प्रतिनिधिः । मुख्यसदृशः । ··· वीप्सा । व्याप्तुमिच्छा । ··· लक्षणम् । चिह्नम् । ··· इत्थम्भूताख्यानम् । कथञ्चित् प्रकारमापन्नं इत्थंभूतं तस्याख्यानम् । ··· भागः । स्वीक्रियमाणोंऽशः । ··· प्रतिदानम् । गृहीतस्य प्रतिदानम् । ··· स्तोकम् । अल्पम् । ··· क्षेपः । निश्चयः । इत्यमरभरतमेदिनीकाराः ।। व्यावृत्तिः । प्रशस्तिः । विरोधः । समाधिः । इति मुग्धबोधटीकायां दुर्गादासः ।। आभिमुख्यम् । स्वभावः । इति शब्दरत्नावली ।।

(वि. सं. २०२४ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, राधाकान्त देवको *शब्दकल्पद्रुम* (तेस्रो संस्करण) को तेस्रो भागको २५३ पृष्ठ ।)

प्रति ··· १ व्याप्तौ २ लक्षणे ३ कञ्चित्प्रकारमापन्नस्य कथने ४ भागे ५ प्रतिदाने

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वाचक शब्दको अघिल्तिर प्रति थपिई बनेका प्रतिपुस्तक[६७] [सट्टा पुस्तक अर्थात् मूल पुस्तकको नकल] वा प्रतिपुरुष[६८] [बराबरको मान्छे वा सट्टा मान्छे], प्रतिख्याति[६९] [राम्रो ख्याति] र प्रतिनायक[७०] [विरोधी पक्षको

---

६ प्रतिनिधीकरणे मेदि. ७ स्तोके ८ क्षेपे ९ निश्चये १० व्यावृत्तौ ११ आभिमुख्ये १२ स्वभावे च शब्दर.

(वि. सं. २०२६ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, तारानाथ तर्कवाचस्पतिको *वाचस्पत्य* (तेस्रो संस्करण) को ४४३७ पृष्ठ।)

६७. वि. सं. १९२१ मा सेन्ट पिटर्सबर्गबाट बुखड्रुकेराइ डेर कैंजरलिखेन अकाडेमी डेर विसेनशाफ्टनद्वारा प्रकाशित, ओट्टो ब्योटलिङ्क र रुडोल्फ रोथको *सन्स्किट् वोर्ट्र्बुख्*को चौथो भागको ९६३ पृष्ठभाग।

६८. सुहृद्दिदृक्षाप्रतिघातदुर्मनाः स्नेहाद्रुदत्यश्रुकलातिविह्वला।
भवं भवान्यप्रतिपूरुषं रुषा प्रधक्ष्यतीवेक्षत जातवेपथुः॥

(*भागवत* ४।४।२)

[आफन्तलाई भेट्ने इच्छामा परेको बाधाले दिक्दार भएकी, मायाले गर्दा रोइरहेकी, आँसुका ढिकाले ज्यादै विह्वल भएकी, थरथर काँपेकी, भवानीले [सतीदेवीले] अप्रतिपूरुष [प्रतिपूरुष = जोडा मानिस नै नभएका] भवलाई [शिवजीलाई] डढाइदिने जस्तै गरी हेरिन्।]

समाप्तो ऽयं सन्धिः। भवतु। प्रविशामि। अथ वा न तावत्प्रविशामि। प्रतिपुरुषं निवेशयामि।

(*मृच्छकटिक* ३।१७+)

[भित्तो फोर्नें काम सकियो। अब पस्छु। होइन ऋवासऋवास्ति पस्तिनें। पहिले प्रतिपुरुष [पुतला] पसाल्छु।]

(वि. सं. २०२८ मा वाराणसीबाट बाबू माधवप्रसाद शर्माद्वारा प्रकाशित, भोलानाथ पौडेलको *मृच्छकटिक, माटाको गाडा*को ४८ पृष्ठ। त्यहाँ पुतला मात्र लेखिएकोमा सम्बद्ध विषय स्पष्ट पार्न मैले प्रतिपुरुष थपेको छु।)

६९. विश्रावस्तु प्रतिख्यातिः

(*अमरकोष* ३।२।२८)

[विश्राव त प्रतिख्याति हो।]

विश्राव १, प्रतिख्याति २ [२ अत्यन्त प्रसिद्ध हुनुका नाम]

(कुलचन्द्र गौतमको *अमरकोश*को २१६ पृष्ठ)

७०. अथ प्रतिनायकः।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नाइके] शब्दलाई औंल्याउन सकिन्छ। दरबारमा राखिने एक प्रकारको नपुंसकको अर्थमा आएको *औपस्थायिक* शब्दको व्याख्या गर्ने प्रसङ्गमा आएको *प्रतिनट* शब्दले नटुवाको प्रतिनिधि वा नटुवा बराबरको मान्छे, ज्यादै राम्रो नटुवा वा विरोधी नटुवामध्ये कसलाई बुझाएको हो भन्ने कुरा भन्न गाह्रो छ। किनकि *अभिनवभारती*को प्रकाशित संस्करणबाट *औपस्थायिक*पछि र *प्रतिनट*अघि निकै अक्षर लुप्त भइसकेका छन् भन्ने कुरा त्यहाँ रहेका निकै थोपाहरूले हामीलाई बुझाउँछन्।

निर्मुण्ड शब्दको अर्थ अभिनवगुप्तले जातिखलति भनी गरेकाले उनको विचारमा *निर्मुण्ड* शब्दको अर्थ जन्मैदेखि खल्वाट मानिस रहेछ भन्ने बुझिन्छ।[७१] तर *निर्मुण्ड*को जस्तो लक्षण *भारतीय नाट्यशास्त्र*मा दिइएको छ, त्यताबाट त्यस अर्थको गन्धसम्म पनि आउँदैन। यस कारण *भारतीय नाट्यशास्त्र*को वास्तव व्याख्या *भारतीय नाट्यशास्त्र*[७२]-

---

धीरोद्धतः पापकारी व्यसनी प्रतिनायकः।

यथा रामस्य रावणः।

(*साहित्यदर्पण* ३।१३७)

[अब प्रतिनायक(को कुरा)।
धीर र उद्धत, पाप गर्ने, कुलतमा फसेको प्रतिनायक हुन्छ।
जस्तै– रामको रावण।]

७१. *भारतीय नाटचशास्त्र*को यस अंशको नेपालीमा उल्था गर्दा गोविन्दप्रसाद भट्टराईले *औपस्थापक*को अर्थ *प्रतिनट* र *निर्मुण्ड*को अर्थ *जातिस्खलित* गरेको कुरा यस प्रसङ्गमा लेख्नुपरेको छ—

... औपस्थापक (प्रतिनट) निर्मुण्ड[१] वर्षवर[२] आदिको गतिप्रचारमा "घे टां घो टां भां टां ण्णा णा" प्रायः अक्षर भएको ... वाद्यविधान गर्नू।

१. जातिस्खलित।
२. नपुंसक

(गोविन्दप्रसाद भट्टराईको *भरतमुनिको नाटच–शास्त्र*को ६२६ पृष्ठ)

माथि आफैंले *औपस्थायिक*को ठाउँमा *औपस्थानिक* पाठ सच्याएको र *निर्मुण्ड*को नपुंसक अर्थ गरेको कुरा (उही पुस्तकको ४१० पृष्ठ) यहाँनिर पुग्दा गोविन्दप्रसाद भट्टराईले भुसुक्क बिर्सेको कुरा छर्लङ्ग छ। *अभिनवभारती*मा *औपस्थायि(प)क*पछि निकै अक्षर लुप्त भइसकेपछि *प्रतिनट* शब्द आएकोले *औपस्थापक*को अर्थ *प्रतिनट* भनेर गर्नु कति ठीक छ भन्ने कुरा भनिरहनुपर्दैन। अरू त्यसमाथि *प्रतिनट* शब्दको व्याख्या भट्टराईले गर्न नसकेको कुरा त छँदैछ। *अभिनवभारती*को जातिखलति [जन्मजात खल्वाट] लाई उनले *जातिस्खलित* पारिदिएकाले कति कच्चा ढङ्गले *भारतीय नाटचशास्त्र* जस्तो ग्रन्थको उल्था गर्ने काम भएको रहेछ भन्ने कुरा स्पष्ट छ।

७२. *भारतीय नाटचशास्त्र* राम्ररी केलाईकन पढ्ने मनोमोहन घोषले *नाटचशास्त्र* वि. पू. १४३ मा बनेको हो भनी निष्कर्ष निकालेका छन्। (*भारतीय नाटचशास्त्र*को मनोमोहन घोषको अङ्ग्रेजी उल्थाको दोस्रो भागको इन्ट्रडक्शन्को २३ पृष्ठ।)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्दा सयौं वर्षपछि लेखिएको *अभिनवभारती*बाट[७३] हुन सकेको जस्तो मलाई लागेन ।

विक्रमको चौधौं/पन्धौं शताब्दीमा लेखिएको भनी ठहऱ्याइएको[७४] नाट्यशास्त्रको ग्रन्थ *भावप्रकाशन*को पनि यस प्रसङ्गमा चर्चा गर्नुपरेको छ । *भारतीय नाट्यशास्त्र*मा जस्तै त्यहाँ पनि दरबारको भित्री लङमा देखरेख गर्ने वा टहल गर्ने सेवकहरूको चर्चा आएको छ ।[७५] यसै प्रसङ्गमा त्यहाँ *औपस्थायिक*को सट्टा *औपस्थापिक* पाठ दिई *औपस्थापिक* र *निर्मुण्ड*का बेग्लाबेग्लै लक्षण र भिन्नाभिन्नै कामको विषयमा यस्तो लेखिएको छ—

अविद्धकर्णः क्लीबश्च ह्रस्वो विकटदन्तकः ।
तुन्दिलो ऽभ्यन्तरचरः औपस्थापिक उच्यते ।।
अज्ञातकामा निष्कोशा निर्मुण्डा इति च स्मृताः ।
वधूपस्थापने राज्ञामौपस्थापिक उच्यते ।।
प्रस्थापने वधूनां स निर्मुण्डो योज्यते नृपैः ।[७६]

[कान नछेडिएको, नपुंसक, पुड्के, दाह्रे, भुँडे, भित्र घुम्ने औपस्थापिक भनिन्छ ।
कामवासना भन्ने नै थाहा नभएका, अण्डकोष नभएका, निर्मुण्ड भनी कहिएका छन् । राजाहरूका स्वास्नीहरूको टहलमा औपस्थापिक भनिन्छ ।
स्वास्नीहरूलाई पठाउने काममा त्यो निर्मुण्ड राजाहरूद्वारा खटाइन्छ ।]

*शारदातनय*का यी वाक्यअनुसार *औपस्थापिक* र *निर्मुण्ड* भिन्नाभिन्नै हुन् भन्ने कुरा स्पष्ट बुझिन्छ । *औपस्थापिक* नपुंसक हुन्छ, ऊ पुड्के र भुँडे हुन्छ, उसको दाह्रा निस्केको हुन्छ र उसको कान छेडेको हुँदैन भनी यहाँ *औपस्थापिक*को लक्षण दिइएको छ । *औपस्थापिक* राजस्त्रीको अगाडि भित्र रुजू भइरहनुपर्छ भन्ने लेखी यहाँ *औपस्थापिक*ले गर्नुपर्ने काम खुलाइएको छ । *निर्मुण्ड*को अण्डकोष हुँदैन र उसमा कामवासना पनि हुँदैन भनेर यहाँ *निर्मुण्ड*को

---

७३. अभिनवगुप्तले वि. सं. १०४७ मा *क्रमस्तोत्र*, वि. सं. १०४९ मा *भैरवस्तव* र वि. सं. १०७१ मा *ईश्वरप्रत्यभिज्ञाविमार्शिनी* लेखेका हुन् भन्ने कुरा तत्तत्पुस्तकमा उनी आफैंले लेखेका वाक्यबाट बुझिन्छ । यस कारण उनको समय निश्चित छ । यसको प्रमाणको लागि, वि. सं. २०१८ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, पाण्डुरङ्ग वामन काणेको *हिस्टरि अफ् स्यान्स्क्रिट् पोइट्इक्स्* [संस्कृत अलङ्कारशास्त्रको इतिहास] (तेस्रो संस्करण) का २४२–२४३ पृष्ठ हेर्नू ।

७४. वि. सं. १९८६ मा बडोदाबाट ओरियन्टल इन्स्टिट्यूटद्वारा प्रकाशित, यदुगिरि यतिराज र के. एस. रामस्वामी शास्त्रीको *भावप्रकाशन अफ् शारदातनय* [शारदातनयको भावप्रकाशन] को *इन्ट्रडक्शन्*का ७२–७७ पृष्ठ ।

७५. *भावप्रकाशन*को १० अधिकार । मूल भागका २९२–२९३ पृष्ठ ।

७६. *भावप्रकाशन*को १० अधिकार । २९३ पृष्ठका ९–१३ पङ्क्ति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लक्षण दिइएको छ। राजस्त्रीहरूलाई कहीं पठाउनुपर्दा *निर्मुण्डलाई* सँगै पठाउनुपर्छ भनेर *निर्मुण्डले* गर्नुपर्ने काम यहाँ स्पष्ट पारिएको छ।

*भावप्रकाशन*को प्रकाशित संस्करण चारवटा लेखोट पुस्तकको आधारमा तयार गरिएको कुरा सोही संस्करणको *प्रस्तावना*बाट बुझिन्छ।[७७] तिनमा एउटा पुस्तकमा एक ठाउँमा *औपस्थापिक*को ठाउँमा *औपस्थायिक* पाठ भएको कुरा सोही संस्करणमा पाठान्तर दिँदा लेखिएकोले बुझिएको छ।[७८] यताबाट कमसेकम एउटामा *भारतीय नाटचशास्त्रसम्मत औपस्थायिक* पाठ भएको कुरा स्पष्ट भएको छ।

---

७७. द प्रेज्न्ट् एडिशन् अफ् द *भावप्रकाशन* इज् बेस्ड् अन् द फल्ओइङ फोर् म्यान्युस्क्रिप्ट्स् :

(१) ए। ए ट्रान्स्क्रिप्ट् सेन्ट् बाइ एच्. एच्. यदुगिरि यतिराज अफ् मेल्कोट् फर् द पर्पस् अफ् पब्लिकेशन्।

(२) बी। ए म्यान्युस्क्रिप्ट् इन् द पजेश्अन् अफ् द सेड् यतिराज। रीड्इङज् अफ् दिस् म्यान्युस्क्रिप्ट् वेर् नोट्इड् डाउन् इन् द ट्रान्स्क्रिप्ट् ए।

(३) सी। ए म्यान्युस्क्रिप्ट् नो. ७९७८ प्रिजर्भ्ड् इन् द लाइब्रेरि अफ् द अर्इएन्टल् इन्स्टिटच्युट् बरोदा। दिस् इज् ए भेर्इ ओल्ड् म्यान्युस्क्रिप्ट् रिट्न् अन् पाम्-लीफ् इन् द ग्रन्थ स्क्रिप्ट्। दो भेर्इ इन्जर्ड् इट् कन्टेन्ज् मेन्इ करेक्ट् रीड्इङज्।

(४) डी। ए ट्रान्स्क्रिप्ट् अफ् ए म्यान्युस्क्रिप्ट् प्रिजर्भ्ड् इन् द मद्रास् गभ्अर्न्मेन्ट् अर्इएन्टल् म्यान्-युस्क्रिप्ट्स् लाइब्रेरि। रीड्इङज् इन् दिस् आर् भेर्इ सिम्इलर् टु दोज् अफ् ए अब्टेन्ड् फ्रम् द यतिराज। इट् इज् लाइक्ली, दर्फोर्, द्याट् द टू आर् डिराइव्ड् फ्रम् द सेम् अरिज्इनल्।

[*भावप्रकाशन*को प्रिफेस् [प्रस्तावना] ७-८ पृष्ठ]

[भावप्रकाशनको यो संस्करण तलका चारवटा लेखोट पुस्तकको आधारमा तयार गरिएको छ—

(१) क। मेलकोटका परमपावन यदुगिरि यतिराजले प्रकाश गर्ने उद्देश्यले पठाउनुभएको नकल।

(२) ख। उहाँ यतिराजसँग रहेको पुस्तक। यस पुस्तकका पाठ क पुस्तकमा टिपिएका थिए।

(३) ग। बडोदाको ओरियन्टल इन्स्टिटच्युटको पुस्तकखानामा सुरक्षित ७९७८ सङ्ख्याको पुस्तक। यो, ग्रन्थ-लिपिले ताडपत्रमा लेखिएको ज्यादै पुरानो पुस्तक छ। यो, धेरै नै बिग्रिइसके तापनि यहाँ शुद्ध पाठ धेरै छन्।

(४) घ। मद्रास गभर्नमेन्ट ओरियन्टल म्यानुस्क्रिप्ट्स लाइब्रेरीमा सुरक्षित पुस्तकको नकल। यसका पाठ, यतिराजबाट पाइएको क पुस्तकका पाठसँग ज्यादै मिल्दाजुल्दा छन्। यस कारण, तीं दुवै, उही मूल पुस्तकबाट सारिएका हुनु सम्भव छ।]

७८. तुन्दिलो ऽभ्यन्तरचर औपस्थापिक[३] उच्यते ।।

(*भावप्रकाशन*को मूल भागको २९३ पृष्ठ)

३. ए यि।

[३. क- औपस्थायिक।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*भावप्रकाशन*को प्रकाशित संस्करण तयार गर्न उपयोग गरिएका चारवटा पुस्तकमध्ये *ग* पुस्तक ज्यादै पुरानो पुस्तक हो भन्ने सम्पादकको भनाइ छ । सो पुस्तक ग्रन्थलिपिले ताडपत्रमा लेखिएको छ भन्ने कुरा पनि सम्पादकले लेखेका छन् । सम्पादकको भनाइअनुसार *ग* पुस्तकमा शुद्ध पाठ धेरै छन् भन्ने बुझिएको छ ।[७९]

ग पुस्तकमा

अज्ञातकामा निष्कोशा निर्मुण्डा इति च स्मृताः ।
वधूपस्थापने राज्ञामौपस्थापिक उच्यते ।।[८०]

यो श्लोक छैन भन्ने कुरा टिप्पणीबाट बुझिएकोले[८१] *औपस्थापिकनिर्मुण्ड*को प्रश्नमा ठूलो मदत मिलेको छ भन्ने मलाई लागेको छ ।

*भावप्रकाशन*मा *औपस्थापिक*को लक्षण दिएपछि *निर्मुण्ड*को लक्षण दिइएको छ । त्यसपछि मात्र *औपस्थापिक* र *निर्मुण्ड*ले गर्नुपर्ने कामका विवरण त्यहाँ क्रमशः दिइएका छन् । त्यहाँ *औपस्थापिक*को लक्षण दिँदा र *औपस्थापिक*ले गर्नुपर्ने कामको विवरण दिँदा *औपस्थापिक* शब्द एकवचनमा आएको छ । तर *निर्मुण्ड*को लक्षण दिँदा *निर्मुण्ड* शब्द बहुवचनमा र *निर्मुण्ड*ले गर्नुपर्ने कामको विवरण दिँदा भने *निर्मुण्ड* शब्द एकवचनमा आएको छ । यो पनि एउटा विचारणीय कुरा भएको छ ।

फेरि अर्को कुरा के छ भने *कञ्चुकी* आदि सबै सेवकहरूको विषयमा लेख्दा *भावप्रकाशन*मा बहुवचनको प्रयोग गरिएको छ ।[८२] खालि *औपस्थापिक*को विषयमा लेख्दा मात्र एकवचनको प्रयोग भएको छ । *निर्मुण्ड*को विषयमा लेख्दा

---

७९. ७७ सङ्ख्याको पादटिप्पणी ।

८०. मूल भागको २९३ पृष्ठका ११–१२ पङ्क्ति ।

८१. सी ओमिट्स् टू लाइन्ज् ।
(मूल भागको २९३ पृष्ठ)

[ग पुस्तकमा दुइ पङ्क्ति छुटेका छन् ।]

८२. अकामा ब्राह्मणाश्चैव कञ्चुकोष्णीषवेत्रिणः ।
ज्ञानविज्ञानसम्पन्नाः कञ्चुकीयाः स्मृता बुधैः ।।
अल्पसत्त्वाः स्त्रीस्वभावाः क्लीबा निष्कामिनः स्वतः ।
जात्या वा कामनिर्मुक्तास्ते तु वर्षवराः स्मृताः ।।
वन्यमूलफलाहाराः पल्लीपर्वतवासिनः ।
चित्रस्त्रीकाः सुभाषाज्ञाश्चिबुकाः कर्कशाङ्गकाः ।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ते किराता बलाद्राज्ञा वारं वारं नियोजिताः ।
कञ्चुकीया नृपाभ्यशवर्तिनो ऽन्तःपुराश्रयाः ।।
भवनान्तरकृत्येषु नियोज्याः प्रेष्यकर्मणि ।
साहाय्ये कामचारस्य राज्ञः प्रच्छन्नकामिनः ।।
वारव्यत्यासकथने स्त्रीणां वर्षवराः स्मृताः ।
राजावरोधभोग्यानां भाण्डाभरणवाससाम् ।।
सद्यो ऽन्तःपुरदण्डेषु किराता योजिता नृपैः ।
परिहासविनोदेषु स्त्रीणां स्युः कुब्जवामनाः ।।
अविद्धकर्णः क्लीबश्च ह्रस्वो विकटदन्तकः ।
तुन्दिलो ऽभ्यन्तरचर औपस्थापिक उच्यते ।।
अज्ञातकामा निष्कोशा निर्मुण्डा इति च स्मृताः ।
वधूपस्थापने राज्ञामौपस्थापिक उच्यते ।।
प्रस्थापने वधूनां स निर्मुण्डो योज्यते नृपैः ।
पुंस्त्रीलिङ्गविलुप्ताङ्गाः स्वल्पश्मश्रुस्तनान्विताः ।।
अभ्यागारा इति ज्ञेया अभ्यागाराधिकारिणः ।
नियोगकारका राज्ञां सर्वावस्थासु सर्वदा ।।
मूकाः कुहकलीलाभिः सर्वत्र परिहासकाः ।
तेषां भावं परिज्ञाय तथैवाभिनयेन्नटः ।।

(मूल भागका २९२–२९३ पृष्ठ)

कामवासना नभएका, जामापगरी लाएका र बेतको लट्ठी लिएका, ज्ञान–विज्ञानले युक्त भएका ब्राह्मण, कञ्चुकीय भनी, विद्वान्हरूले कहिएका छन् ।

थोरै बल भएका, स्वास्नीमान्छेको जस्तो स्वभाव भएका, नपुंसक आफसेआफ कामवासना नभएका अथवा जन्मेदेखि नै कामवासना नभएका तिनीहरू वर्षवर कहिएका छन् ।

बनैया कन्दमूल र फलफूल खाने, गाउँपहाडमा बस्ने, गजबका स्वास्नीमान्छे भएका, राम्रो बोली जान्ने, चिउँडो निस्केका, खस्रो जीउ भएका ती किरातहरू राजाद्वारा बलपूर्वक बराबर खटाइएका हुन्छन् ।

राजाको नजीकै रहने, रनिवासमा बस्ने कञ्चुकीयहरू अरू अरू घरका काममा अह्राउनुपर्ने काम पर्दा खटाइनुपर्ने हुन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भने एकवचन र बहुवचनको छयासमिस भएको कुरा माथि लेखिसकिएको छ। यसको मतलब *औपस्थापिक* र *निर्मुण्ड*मा मात्र वचनको व्यतिक्रम किन आयो भन्ने कुरा पनि त्यतिकै विचार गर्नुपर्ने भएको छ।

*भारतीय नाटचशास्त्र*मा *वर्षधर*को जुन लक्षण दिइएको छ, त्यताबाट *वर्षधर*हरू जन्मजात नपुंसक होइनन् भन्ने आशय *नाटचशास्त्र*का रचयिताको भएको देखिन्छ भनी मैले अन्यत्र लेखिसकेको छु।[८३] *नाटचशास्त्र*मा *वर्षधर*को लक्षण बुझाउन जुन श्लोक लेखिएको छ, त्यही श्लोकमा केही फरक पारी *वर्षवर*को लक्षण *भावप्रकाशन*मा दिइएको छ भनेर पनि मैले अन्यत्र लेखिसकेको छु।[८४] त्यसो गर्दा गर्दै पनि शारदातनयले आफ्नो *भावप्रकाशन*मा *वर्षवर*हरू जन्मजात नपुंसक पनि हुन सक्छन् भनी लेख्न पुगेका छन्। यति भन्नाको मतलब के हो भने *भावप्रकाशन*बाट *नाटचशास्त्र*को भाव बुझिन्छ नै भनेर भन्न सकिँदैन।

यसको थप उदाहरणको लागि *नाटचशास्त्र*मा दिइएको *निर्मुण्ड*को लक्षणसँग *भावप्रकाशन*मा दिइएको *निर्मुण्ड*को लक्षण दाँजेर हेर्नुपर्छ। जुन लोग्नेमान्छे नपुंसक छन्, तर स्वास्नीमान्छेको जस्तो जसको स्वभाव छैन र जसलाई कामवासनाको विषयमा विशेष कुरा थाहा छैन, त्यस्ता *निर्मुण्ड* हुन्छन् भनी *नाटचशास्त्र*मा *निर्मुण्ड*को लक्षण दिइएको छ भन्ने कुरा माथि परिसकेको छ। *भावप्रकाशन*मा भने *निर्मुण्ड*को अण्डकोष हुँदैन र कामवासनाको विषयमा उसलाई थाहै हुँदैन भनेर लेखिएको छ। *नाटचशास्त्र*मा *निर्मुण्ड*को अङ्ग नपुग भएको कुरा हुँदै नभएकोमा *भावप्रकाशन*मा भने *निर्मुण्ड*को अण्डकोष नै नभएको कुरा लेखिएको छ।

मन लागेको गरेर हिंड्ने, लुकेर कामवासनाको पूर्ति गर्ने राजाको मदत गर्नमा, स्वास्नीमान्छेहरूको पालो उल्टो-पुल्टो भयो भनी भन्ने काममा र राजाका स्वास्नीमान्छेहरूले चलनचलती गरिने भाँडाकुडा, गहनागुरिया र लुगाफाटाको जिम्मामा* वर्षवरहरू (खटाइन्छन् भनी) कहिएका छन्।

किरातहरू रनिवासका फौजमा राजाहरूद्वारा उत्तिखेरै खटाइएका हुन्छन्।

स्वास्नीमान्छेहरूका हाँसखयालमा कुप्रा र बाउन्ने हुन्छन्।

कान नछेडिएको, नपुंसक, पुड्के, दाह्रे, भुंडे, भित्र घुस्ने औपस्थापिक भनिन्छ।

कामवासना भन्ने नै थाहा नभएका, अण्डकोष नभएका, निर्मुण्ड भनी कहिएका छन्। राजाहरूका स्वास्नीहरूको टहलमा औपस्थापिक भनिन्छ।

स्वास्नीहरूलाई पठाउने काममा त्यो निर्मुण्ड राजाहरूद्वारा खटाइन्छ।

लोग्नेमान्छे र स्वास्नीमान्छे छुट्टयाउने अङ्ग नभएका, भलिअलि जुंघादाह्री र खास नउठेको स्तन भएका, घरभित्रको हैकम भएका, सबै अवस्थामा सधैं राजाहरूले अह्राएको गर्ने अभ्यागार हुन् भनी थाहा पाउनुपर्छ।

चटकद्वारा सर्वत्र हँसाउने लाटा हुन्छन्।

तिनीहरूको भाव बुझेर नटले त्यसै गरी नकल गरोस्।]

८३. *पूर्णिमा*को ६६ अङ्कका ११–१२ पृष्ठ।

८४. उसैको १२ पृष्ठ। त्यहाँ उल्थामा नपुंसक शब्द छुट्न गएको छ।

* राजावरोधभोग्यानां भाण्डाभरणवाससांको सङ्गति मैले यहाँ *वर्षवर*सँग मिलाएको छु तापनि लेखाइ स्पष्ट नभएकोले यस श्लोकार्धको सम्बन्ध *वर्षवर*सँगै छ भनी ठोकेर भन्न सकिँदैन।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भारतीय नाटचशास्त्रमा र *भावप्रकाशनमा* दिइएका, दरबारका भित्री लङमा खटाइने अनुचरहरूका किसम दाँजेर हेर्ने हो भने टड्कारै छुट्टिने कुरा *भारतीय नाटचशास्त्रमा* यस प्रसङ्गमा अनुचरको हैसियतले *किरात, कुब्ज, वामन, मूक* र *अभ्यागार* नआउनु हो। यति भन्नाको मतलब पनि *भावप्रकाशनमा नाटचशास्त्रमा* नभएका कुरा पनि छन् भन्ने नै हो।

यति हुँदा हुँदै पनि *भावप्रकाशनमा औपस्थापिक*को लक्षण दिएपछि *निर्मुण्ड*को लक्षण र *औपस्थापिक*ले गर्नुपर्ने कामको जुन विवरण दिइएको छ, त्यो क्षेपक हो भनी भन्न नसकिने होइन। किनभने *भावप्रकाशन*को ज्यादै पुरानो पुस्तकमा त्यो श्लोक पाइँदैन भन्ने कुरा हामीलाई थाहा भइसकेको छ। फेरि अर्को कुरा पनि यहाँनिर नभनी नहुने भएको छ। त्यो के हो भने, स्वास्नीमान्छेहरूलाई पठाउने कारण पर्दा *औपस्थायिकनिर्मुण्ड*हरू जो छन्, तिनीहरूलाई खटाउनू [*औपस्थायिकनिर्मुण्डाः स्त्रीणां प्रेषणकारणे*] भनी *नाटचशास्त्रमा* लेखिएको छ त *भावप्रकाशनमा* स्वास्नीहरूसँग पठाउनुपर्दा राजाहरूले *निर्मुण्ड*लाई खटाउँछन् [*प्रस्थापने वधूनां स निर्मुण्डो युज्यते नृपैः*] भनी लेखिएको छ। यताबाट *नाटचशास्त्र*बाट *निर्मुण्ड*को जे काम बुझिन्छ, *भावप्रकाशन*बाट पनि त्यही नै बुझिन्छ भन्ने कुरा छर्लङ्ग छ। राजस्त्रीको अगाडि भित्र *औपस्थापिक* रुजू रहनुपर्छ [*अभ्यन्तरचरः...वधूपस्थापने राज्ञामौपस्थापिक उच्यते*] भनी *औपस्थापिक*ले गर्नुपर्ने कामको विषयमा *भावप्रकाशनमा* जे लेखिएको छ; त्यो अर्थ, औपस्थापिकको मूल, उप उपसर्ग लागेको स्था धातुको अर्थ मनमा राखी लेखिएको देखिन्छ।

यति भन्नाको मतलब *भावप्रकाशनमा औपस्थापिक* र *निर्मुण्ड*का लक्षण र कर्तव्य भिन्नाभिन्नै आएका देखिए पनि वास्तवमा त्यहाँ *औपस्थापिक* र *निर्मुण्ड* भिन्नै मानिएका होइनन्, लक्षण बताउँदा समासको पूर्वपद *औपस्थापिक* शारदातनयले लिए, कर्तव्य बताउँदा भने समासको उत्तरपद *निर्मुण्ड* उनले लिए र बीचमा परेको *निर्मुण्ड*को लक्षण र *औपस्थापिक*को कर्तव्य कसैले थपेको हो भन्ने हो।

यसै गरी *भारतीय नाटचशास्त्रमा* पनि पहिले दुइ पटक पूरै समस्तपद *औपस्थायिकनिर्मुण्ड* लेखेपछि तेस्रो पटक उत्तरपद *निर्मुण्ड* मात्र लेखिएको हो, *औपस्थायिकनिर्मुण्ड* कर्मधारयसमास गरी बनेको पद हो, द्वन्द्वसमास गरी बनेको पद होइन भनी *औपस्थायिकनिर्मुण्ड*को र *निर्मुण्ड*को अर्थ उही हो भनेर तर्क गर्न सकिन्छ।

यस प्रसङ्गमा भासको नाटक *प्रतिज्ञायौगन्धरायण*को एउटा दृश्यको सम्झना भलाई भएको छ। यस कारण सबभन्दा पहिले त्यो दृश्य यहाँ उतार्नुपरेको छ—

निर्मुण्डकः— सुहं अय्यस्स। [सुखमार्यस्य।]

यौगन्धरायणः— कथं निर्मुण्डकः।

निर्मुण्डकः— अय्य! एसो भट्टिपादमूलादो ओवट्ठिओ हंसओ आअदो। [आर्य! एष भर्तृपादमूलादौपास्थितको हंसक आगतः।]

यौगन्धरायणः— कथं हंसक एकः प्राप्त इति। सालक! विश्रम्यतामिदानीं मुहूर्तम्। त्वरिततरं वा यास्यसि सावश्रमो वा।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सालकः— अय्य ! तह ! [आर्य ! तथा ।] (निष्क्रान्तः ।)

यौगन्धरायणः— निर्मुण्डक ! प्रवेश्यतां हंसकः ।

निर्मुण्डकः— अय्य ! तह । [आर्य ! तथा ।] (निष्क्रान्तः ।)

यौगन्धरायणः— स्वामिनाविरहितपूर्वो हंसक एकः प्राप्त इति साविग्नमिव मे मनः ।
कुतः,

यथा नरस्याकुलबान्धवस्य गत्वान्यदेशं गृहमागतस्य ।
तथा हि मे सम्प्रति बुद्धिशङ्का श्रोष्यामि किन्नु प्रियमप्रियं वा ।।

(ततः प्रविशति हंसको निर्मुण्डकश्च ।)

निर्मुण्डकः— एदु एदु अय्यो [एत्वेत्वार्यः ।]

हंसकः— कहिं कहिं अय्यो । [कुत्र कुत्रार्यः ।]

निर्मुण्डकः— एसो अय्यो चिट्ठइ, उवसप्पदु णं । [एष आर्यस्तिष्ठति उपसर्पत्वेनम् ।]
(निष्क्रान्तः ।)

हंसकः— (उपसृत्य) सुहं अय्यस्स । [सुखमार्यस्य ।]

यौगन्धरायणः— हंसक ! न खलु गतः स्वामी नागवनम् ।

हंसकः— अय्य ! हिज्जो एव्व गदो भट्टा । [आर्य ! ह्य एव गतो भर्ता ।][८५]

[निर्मुण्डक— मालिकलाई आराम रहोस् ।

यौगन्धरायण— अहो निर्मुण्डक !

निर्मुण्डक— मालिक, सरकारकहाँबाट औपस्थितिक हंसक यहाँ आएको छ ।

यौगन्धरायण— कसरी हंसक एकलै आइपुग्यो भनेको । सालक, केही बेर थकाइ मारियोस् । छिटै जान्छौ कि थकाइ मरेको छँदो जान्छौ ।

सालक— हस् हजुर । (निस्कियो ।)

यौगन्धरायण— निर्मुण्डक, हंसक पसाइयोस् ।

---

८५. *प्रतिज्ञायौगन्धरायण* १।४+—१।५+ ।

[वि. सं. १९९४ मा पूनाबाट ओरियन्टल बुक एजेन्सीद्वारा प्रकाशित, सी. आर. देवधरको *भासनाटकचक्रम्*का ५९—६० पृष्ठ । त्यहाँ प्राकृतच्छाया आउनुभन्दा अगाडि निष्क्रान्तः छापिएकोमा यहाँ प्राकृतच्छायापछि मात्र निष्क्रान्तः हालिएको छ । पहिलो पङ्क्तिको सुखमार्यस्यपछि त्यहाँ दण्ड छुटेकोमा यहाँ दण्ड हालिएको र त्यहाँ हंसकः आगतः छापिएकोमा यहाँ हंसक आगतः लेखी विसर्ग हटाइएको छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

निर्मुण्डक– हस् हजुर । (निस्कियो ।)

यौगन्धरायण– सरकारसँग पहिले कहिल्यै नछुट्टिएको हंसक एक्लै आइपुग्यो भनेर मेरो मन आत्तिए जस्तो छ । किनभने,
नातेदारहरू आकुलव्याकुल भएको, अन्यत्र गएर घर आएको भान्छेको जस्तै मेरो बुद्धिमा अहिले त्यस्तै शङ्का उठेको छ । मनपर्ने मननपर्ने कुरा के सुन्ने हुँ ।

(त्यसपछि हंसक र निर्मुण्डक पस्छन् ।)

निर्मुण्डक– हजुर, पाल्नुहोस, पाल्नुहोस् ।

हंसक– उहाँ कहाँ हुनुहुन्छ ?

निर्मुण्डक– मालिक यहाँ हुनुहुन्छ, उहाँको नजीकै जानुहोस् ।

हंसक– (नजीकै गएर) यहाँलाई आराम रहोस् ।

यौगन्धरायण– हंसक, सरकार हात्तीबन सवारी भएन त ?

हंसक– हजुर, सरकार हिजै सवारी भयो ।]

राजा उदयनको साथमा रहने लोग्नेमान्छे हंसक, *ओवट्ठिइओ* [*औपस्थितिक*] भएको र मन्त्री यौगन्धरायणकहाँ प्रतीहारको हैसियतले रहने[८६] लोग्नेमान्छेको नाउँ *निर्मुण्डक* भएको कुरा भासले यहाँ देखाएका छन् । भासका *ओवट्ठिइओ*, कतै *भारतीय नाटचशास्त्रका उप थायिक* त होइनन् भन्ने प्रश्न यहाँनिर उठ्छ भने भासका *निर्मुण्डक*, कतै *भारतीय नाटचशास्त्रका निर्मुण्ड* त होइनन् भन्ने शङ्का पनि यहाँनिर उठ्न जान्छ । राजसी ठाँटबाँटले प्रतीहार राखेर बस्ने मन्त्री यौगन्धरायणले राजसी ढङ्गले आफनो महलमा नपुंसक राखेनन् भनी भन्न सकिन्न । राजकुमारीले जस्तै[८७], मन्त्री भूरिवसुकी छोरी मालतीले वर्षवरहरूले घेरिएर ढोली चढेर हिँडेको भवभूतिले आफनो नाटक *मालतीमाधवमा* देखाएकाले मन्त्रीहरूका महलमा पनि नपुंसक राख्ने चलन भएको कुरा बुझिएको छ ।[८८] यो तर्क ठीक हो भने भासले पनि *ओवट्ठिइओ* र *निर्मुण्डक* भिन्नाभिन्नै मानेको देखिएको छ ।

---

८६. निर्मुण्डकः– यौगन्धरायणगृहे प्रतीहारः ।

(उसैको २ पृष्ठ)

[निर्मुण्डक– यौगन्धरायणको घरमा प्रतीहार ।]

८७. *पूर्णिमाको* ६६ अङ्कको १४ पृष्ठ ।

८८. अहं तु तस्याः सर्वाकारहृदयंगमायाः संभाव्यमानस्नेहरसेन संनिधिना विधेयीकृतोऽपि पारिप्लवत्वमात्मनो निह्नोतुकामः प्रावप्रस्तुतस्य बकुलपुष्पदाम्नो यथाकथंचिदवशेषं ग्रथितवानेव । ततो मिलितवेत्रपाणिवर्षवरप्रायपुरुषपरिवारा गजवधूमारूढा नगरगामिनं मार्गमिन्दुवदनालंकृतवती ।

(*मालतीमाधव* १।३१+)

[सबै आकारप्रकारले मन हर्ने तिनीको अङ्कमाल गरिएको स्नेहको रस भएको सामीप्यले वश गरिएको भए तापनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu

*भारतीय नाटचशास्त्र*का माथि उद्धरण गरिएका श्लोकहरूमा फति थरीका नपुंसक दरबारमा राखिने कुरा लेखिएको हो भन्ने कुरा निधो गर्न मैले आफ्नो बुद्धिले भ्याए जति कोशिश गरेको हुँ तापनि म यसमा पूरापूर सफल हुन सकेको छैन भन्ने कुरा मेरो यही लेखबाट नबुझिने होइन । यस अवस्थामा तो श्लोकको वास्तव मर्म नबुझी अरूहरूले गरे जस्तो सामान्य अर्थ गर्ने मेरो विचार छैन । यस कारण तो श्लोकको उल्था गर्ने काम मैले अहिले थाँती राखेको छु । तर पनि यस विषयमा बढी खोजी गर्दै जाने मेरो विचार भएकोले कुनै बेला यस विषयमा टुङ्गो लाउँला भन्ने उमेद मैले राखेको छु । कर्मफदाचित् मबाट यो काम हुन नसके पनि यससम्बन्धी ल्याफत र चाख भएका विद्वान्हरूको लागि यस विषयमा अगाडि बढ्न मेरो यस लेखले अवश्य मदत गर्नेछ भन्ने मैले ठानेको छु ।

यक्ष मल्लले गरिदिएका दुइवटा ताम्रपत्र

– महेशराज पन्त

वि. सं. १४८५ देखि[1] १५३८ सम्म[2] राजा भएका यक्ष मल्लका अहिलेसम्म प्रकाशमा नआएका दुइवटा

आफ्नो चाञ्चल्य लुकाउन खोजेको मैले त अघिबाटै थालिसकेको बकुलपुष्पको बाँकी रहेको माला जसोतसो गरेर गाँती सिद्धचाएँ । त्यसपछि, मिलेर आएका, हातमा देत्को लट्ठी लिएका, खास गरी वर्षवर लोग्नेमान्छे हल्ले घेरिएको चन्द्रमुखीले ढोई चढेर, शहर जाने बाटो सिँगारेकी थिइन् ।]

१. यक्ष मल्लका बाबु, राजा ज्योतिर् मल्लको पालाको सबभन्दा पछिल्लो लिखत ने. सं. ५४८ [वि. सं. १४८५] भाद्रशुक्लप्रतिपदाको भएकोले (वि. सं. २०२२ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *मेड्इईभल् नेपाल्* [मध्यकालको नेपाल] को ४२२ पृष्ठ) र राजा यक्ष मल्लको पालाको सबभन्दा पहिलो लिखत शकसंवत् १३५० मार्गशुक्लनवमी [वि. सं. १४८५ मार्ग १८ गते] को भएकोले (वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा*को ७ अङ्कका ३६–४३ पृष्ठमा छापिएको, शङ्करमान राजवंशीको *यक्षमल्लका समयका निश्चित संवत् र तिथिमितिहरू* भन्ने निबन्ध, सो अङ्कको ३८ पृष्ठ) यक्ष मल्ल वि. सं. १४८५ मा राजा भएका हुन् भन्ने कुरामा सन्देह छैन ।

२. यक्ष मल्लको मृत्यु ने. सं. ६०२ [वि. सं. १५३८] फाल्गुनशुक्लएकादशीको दिन भएकोले† (वि. सं. २०१३ मा

† वि. सं. २०४० मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित, मोहनप्रसाद खनालको *चाँगुनारायणका ऐतिहासिक सामग्री*को १८८ पृष्ठमा ने. सं. ६०२ चैत्रशुक्लदशमीको अभिलेख छपाइएको छ । त्यस अभिलेखअनुसार, यक्ष मल्ल र उनीसँगै सती जाने तीन जना रानीहरूको प्रतिमा, उनीहरूको सपिण्डीकरणश्राद्धको दिन चाँगुनारायणको मन्दिरमा चढाइएको थियो भन्ने बुझिन्छ । यताबाट त्यो अभिलेख यक्ष मल्ल परलोक भएको १ महीना जतिपछि राखिएको देखिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

लिखत यहाँ प्रकाश गरिँदैछन् । ती दुवै पत्र लेनदेनसम्बन्धी भएकाले त्यस बेलाको चलनअनुसार आयताकार ताडपत्रका ब्याद लामा धरामा लेखिएका छन् ।

पहिलो ताडपत्रको मिति ने. सं. ५९३ [वि. सं. १५३०] वैशाखशुक्लसप्तमी छ । त्यस पत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ । त्यसको रीलसङ्ख्या ई ११०९/२३ हो । भक्तपुर गडछेटोलको कुनै घर भत्की त्यसै रहिरहेको पातालजग्गा २० पुराणदम्म लिई त्यही टोलका मालीलाई दिएर यक्ष मल्लले त्यो पत्र गरिदिएका हुन् ।

दोस्रो ताडपत्रको मिति ने. सं. ६०१ [वि. सं. १५३८] द्वितीयाषाढकृष्णचतुर्थी छ । त्यस पत्रको मूल प्रति नेपाल राष्ट्रिय अभिलेखालयमा ६७ सङ्ख्याको बट्टामा राखिएको छ । त्यसको क्रमसङ्ख्या ९९५ हो । खोकनाको आफ्नो हकभोगको एक रोपनी जग्गा त्यहीँकै चार जनालाई बेची यक्ष मल्लले त्यो पत्र गरिदिएका हुन् ।

ती पत्रको मूल पाठ यस प्रकारको छ—

(१ सङ्ख्या)

१. १ शुभ ।। श्रीश्रीजययक्षमल्लदेव प्रभु ठाकुरसन ् प्रशादारपा गडछेंटोल ् आवखलेननि-
गृहणामसंग्यकं ् लाछन ् वं ् पाथलभुं ् जुरों ् श्वते पाथलभुंण मूल ् अङ्क

२. पुराणदम्म २० श्वते भर्ण्ण दम्म ् श्रीश्रीप्रभु ठाकुरसके ् डोहरं ् शर्व्वसोधाण धुंगो
जुरो ् चात्राघाट ् वंथो ् यंथो ् श्रीश्रीराजकुलभुं ् येथो ् मगुलंभु ् योथो ला-

३. छभुं ् एतन्मध्य ् गडछेटोल ् काद्धिवाशिन् ् मालाकार ् रनशिन क्रीबिक्रिन बोयो
जुरों ् श्वतेया दृष्टशाखि ् बिजहरिक्वछें ् जगतराज भारो ् आषृ डुय कस्त ।।
श्रेयो ऽस्तु ।।

(दायाँ किनारामा)

सम्वत् ५९३
वैशाखशु(द्ध) ७
शुभ ।।

काठमाडौँबाट इतिहासप्रकाशसंघद्वारा प्रकाशित *इतिहासप्रकाश*को २ अङ्क ३ भागमा छापिएको, नरहरिनाथको *नेपालभक्तुरनरेशवृत्तोहेतवंशधर धनेश्वरराजोपाख्यायका देवनन्दिनी स्मृतिपुस्तिकामा प्राप्त तिथिमिति*. (सो अङ्कको ५६९ पृष्ठ) उनी वि. सं. १५३८ सम्म राजा भएको पक्का छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

(२ सङ्ख्या)

बायाँ किनारामा बाँधेर राखेको माटोको गोलाकार छापमा— श्री

१. ।ः श्रेयोस्तु ।। सम्वत ६०१ द्विराषाढकृष्णः चतूथ्यायान्तिथौः श्रीश्रीजयजक्षमलदेव-
प्रभु थाकुरस ् नाम्नेन ् पसादारपार्थेन स्वकीयं स्वभुज्यमानिकं । ख्वंखना वंथोदश ्
पुषुलं येतावास्तव्यः हरषुनायक । वंथोननी वंतावास्तव्य ् जसचन्द भावोः । सिहवर्म

२. स एव ननि ् हरखभावो ।। एतेस नाम्ना सकासात् । ख्वातबुनामप्रदेसे । उभ द्याङी-
सिमाया पश्चिमत । उत्तरत । जयतु भावोया क्षेत्रेन पूर्व्वत । वंता भावोया क्षेत्रेन
दक्षोनत । एत्तमधे ् मेकरोपनिकं ् जत्क्षेत्र रोवाङ्क बु मोण्डो छि १ ता क्षेत्र
सक्रषकस ।। नसश्रुत-

३. मपरिभोगे । द्यथानगरकालप्रवत्तमानसञ्चारार्घेन जथोश्चित् । मोलमादाय क्रयविक्रय-
स्वादिनेन त्वेनानिवृत्तकंन्यायन क्रीवक्रीस्तं भवति । संषतव्यावादकाले धार्ण्णकेन
परिसोधनीयं । साक्षि श्रीज्यष्ठविहारप्रधानमहापात्रश्रीकीर्त्ति ।। शुभ ।। ।।

यक्ष मल्लका अहिलेसम्म प्रकाशमा आएका लिखतभन्दा यी ताडपत्र भिन्नै किसिमका भएकाले यिनको तात्कालिक इतिहासमा विशेष महत्त्व छ । यक्ष मल्लको जन्म वि. सं. १४६५ मा भएको[३] र १ सङ्ख्याको पत्र वि. सं. १५३० को भएकोले पैसा लिई पातालजग्गा दिँदा उनको उमेर ६५ वर्षको थियो । दुइ सङ्ख्याको पत्र वि. सं. १५३८ को भएकोले खोकनाको जग्गा बेच्दा उनी ७३ वर्ष भइसकेका थिए । दुइ सङ्ख्याको पत्र गरेको आठ महीना जतिपछि वि. सं. १५३८ फाल्गुनशुक्लएकादशीको दिन यक्ष मल्ल परलोक भएकाले यो पत्र उनको अन्तिम अवस्थातिरको हो भनेर भनिरहनुपर्दैन । यक्ष मल्लका बाबुबाजेका लेनदेनसम्बन्धी यस्ता पत्र नपाइएकाले र उनकै पनि अघिल्लो समयका यस्ता पत्र नपाइएकाले नेपालको इतिहासका विद्यार्थीहरूको लागि यी पत्र निकै चाखलाग्दा हुन गएका छन् ।

पाटनका महापात्रहरूको पाटनको इलाकामा पुर्स्तैनी अधिकार भएको नाताले नै यक्ष मल्लपछि उनका सन्तानमा घर-झगडा हुँदा मौका छोपी ती महापात्र स्वतन्त्र भएका थिए ।[४] खोकना, पाटनको इलाकामा पर्ने भएकोले गद्दीनशीन राजा यक्ष मल्लले खोकनाको आफ्नो हकभोगको जग्गा बेच्दा त्यस इलाकाका पुर्स्तैनी शासक, पाटनका प्रधानमहा-

---

३. शङ्करमान राजवंशीको पूर्वोक्त निबन्धका ३६–३७ पृष्ठ ।

४. वि. सं. २०१९ मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, धनवज्र वज्राचार्य, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्त र नयनाथ पौडेलको *इतिहास-संशोधनको प्रमाण-प्रमेय*को मूल भागका २–१४ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पात्रलाई साक्षी राखेको कुरा यस प्रसङ्गमा उल्लेखनीय छ। यस पत्रमा *श्रीज्यष्ठविहारप्रधानमहापात्रश्रीकीर्त्ति* भनी साक्षी राखिएका व्यक्ति, पाटनका ज्येष्ठविहारका प्रधानमहापात्र कीर्तिसिंह हुन् भन्ने कुरामा शङ्का छैन।[५] यिनै कीर्तिसिंहका नाति विष्णुसिंहले पाटनमा आफ्नो एकच्छत्र राज्य कायम गर्न सकेका थिए।[६]

प्रमाणको आधारमा पाण्डित्यमय ढङ्गले लेखिएका, नेपालको इतिहाससम्बन्धी ग्रन्थ अत्यन्त कम छन् भन्ने कुरा नेपालको इतिहासको पठनपाठनमा लागेका मानिसहरूको लागि नौलो छैन। नेपालको इतिहासका यस्ता प्रामाणिक ग्रन्थहरूमा लूच्यानो पेतेकको *नेपालको मध्यकालको इतिहास* पनि एक हो। वि. सं. २०१५ मा पहिलो पटक प्रकाशित भएको,[७] यस पुस्तकको दोस्रो संस्करण वि. सं. २०४० मा प्रकाशित भएको छ।[८]

लूच्यानो पेतेकको *नेपालको मध्यकालको इतिहास*को पहिलो संस्करणमा यक्ष मल्लको समयका, उनको नाउँ परेका, २४ वटा लिखत[९] गाभिएकामा त्यही पुस्तकको दोस्रो संस्करणमा चाहिँ ५० वटा लिखत[१०] गाभिएकाले २५ वर्षमित्र नेपालको इतिहासका सामग्रीको प्रशस्त खोजी भएको रहेछ भन्ने कुराको झल्क यतैबाट पनि आएको छ। यति खोजी हुँदा हुँदै पनि नेपालको इतिहासका सामग्री अझै प्रकाशमा नआई त्यसै रहिरहेका छन् भन्ने कुरा यक्ष मल्लका यी दुइ लिखत पाइनाले पनि देखिन गएको छ।

लूच्यानो पेतेकको *नेपालको मध्यकालको इतिहास*को दोस्रो संस्करणमा यक्ष मल्लको पालाको सबभन्दा पछिल्लो लिखत वि. सं. १५३७ चैत्रकृष्ण [पूर्णान्तमानले वैशाखकृष्ण] त्रयोदशीको दिइए तापनि[११] मोहनप्रसाद खनालको

---

५. ज्येष्ठविहारका प्रधानमहापात्र कीर्तिसिंह, यक्ष मल्लका सामानकालिक थिए। उनका ने. सं. ५९८ [वि. सं १५३५] वैशाखकृष्णप्रतिपदाको र ने. सं. ६०१ [वि. सं. १५३७] फाल्गुनशुक्लद्वादशीका अभिलेख मोहनप्रसाद खनालको पूर्वोक्त ग्रन्थका १८४, १८६–१८७ पृष्ठमा छापिएका छन्। दोस्रो अभिलेखमा उनले आफ्ना राजा यक्ष मल्लको नाउँ पनि आदरसाथ लिएका छन्।

६. *इतिहास–संशोधनको प्रमाण–प्रमेय*को मूल भागका २–३ पृष्ठ।

७. वि. सं. २०१५ मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल्* [नेपालको मध्यकालको इतिहास] को पहिलो संस्करण।

८. वि. सं. २०४० मा रोमबाट इस्तितुतो इतालियानो पेर इल मेदिओ एद एस्त्रेमो ओरियेन्तेद्वारा प्रकाशित, लूच्यानो पेतेकको *मेड्इईभल् हिस्टरि अफ् नेपाल्*को दोस्रो संस्करण।

९. *मेड्इईभल् हिस्टरि अफ् नेपाल्*को पहिलो संस्करणका १६०–१६५ पृष्ठ।

१०. उही पुस्तकको दोस्रो संस्करणका १६८–१७६ पृष्ठ।

११. उही पुस्तकको १७५ पृष्ठ।

यस पुस्तकमा यक्ष मल्लको पालाको ४९ सङ्ख्याको लिखत ने. सं. ६०० चैत्रकृष्णद्वादशी उप्रान्त त्रयोदशीको छ (१७५ पृष्ठ)। पचास सङ्ख्याको लिखतको रूपमा केम्ब्रिजविश्वविद्यालयको पुस्तकखानाको १६६१ सङ्ख्याको *अमरकोष*को पुष्पिका दिइएको छ (१७६ पृष्ठ)। त्यहाँ कलम्बकूपविषये भनी संवत् दिइएको छ। त्यहाँ परेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu

चाँगुनारायणको *ऐतिहासिक सामग्री*मा यक्ष मल्लको पालाको वि. सं. १५३७ फाल्गुनशुक्लद्वादशीको लिखत छापिएकोले[१२] पेतेकले दिएको यक्ष मल्लको सबभन्दा पछिल्लो लिखतभन्दा खनालले प्रकाश गरेको लिखत साढे दश महीना जतिपछिको हो भन्ने स्पष्ट छ।

हाम्रो २ सङ्ख्याको ताडपत्र, मोहनप्रसाद खनालले प्रकाश गरेको लिखतभन्दा पनि चार महीना जतिपछिको भएकोले अहिलेसम्म पाइएका यक्ष मल्लका पालाका लिखतमध्ये यो, सबभन्दा पछिको हुन गएको छ।

हरिवंश शर्माले घरजग्गा किन्दा गरिएका दुइवटा फार्सेपत्र

— महेशराज पन्त

पाटनका पर्गंगोत्री पण्डित हरिवंश शर्मा, पछिल्लो मल्लकालका प्रसिद्ध ग्रन्थकर्ता थिए र उनले काव्यको टीका, कोष,

---

दोस्रो अङ्क अर्थात् कूप शब्दको अर्थ पेतेकलाई नलागेकोले उहाँले सोही पुस्तकको १७६ पृष्ठमा यस्तो लेख्नुभएको छ—

द वर्ड् फर् द सेक्अन्ड् डिज्इट् (कूप=वेल्) रिमेन्ज् अन्एक्स्प्लेन्ड् यान्ड् दस् द डेट् क्यानॅनट् बी यास्अर्टेन्ड्।

[दोस्रो अङ्कको लागिको शब्द [कूप=कुवा] को अर्थ गर्न सकिएको छैन, यसैले मिति पत्ता लाउन सकिँदैन।]

विभिन्न शब्दका पर्यायद्वारा विभिन्न अङ्क बताउने क्रममा *सुमतितन्त्र*मा एक ठाउँमा यस्तो लेखिएको छ—

अन्तरं विवरं छिद्रं कूप गम्भीर— ग्रहा।
तामिश्र नन्द द्वारा ठ कपाटा त्वक्षत वदा।
अङ्काभ्रवट यन्त्र नवानां पर्यवाचका॥

(वि. सं. २०३५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी र दिनेशराज पन्तको *सुमतितन्त्र*का ९-१० पृष्ठ।)

प्वाललाई बुझाउने विवर र छिद्रले जस्तै शरीरमा नवच्छिद्र हुने हुनाले, कूप [कुवा]ले पनि नौलाई बुझाउने कुरा *सुमाततन्त्र*को माथि उद्धरण गरिएको श्लोकबाट स्पष्ट भएको छ। यस कारण कलम्बकूपविषय भनेको ५९५ हो भन्ने कुरामा शङ्का छैन। यो लिखत ने. सं. ५९५ मार्गको भएकोले यसलाई विक्रम-संवत् पार्ने ५९५ मा ९३६ जोड्नुपर्छ। जोड्दा १५३१ हुने हुनाले यो लिखत वि. सं. १५३१ को ठहछ।

१२. चाँगुनारायणका *ऐतिहासिक सामग्री*का १८६-१८७ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

काव्य र नाटक लेखनुको साथै तात्कालिक शासकहरूका प्रशस्ति प्रनि लेखेका थिए भन्ने कुरा हामीलाई थाहा भइसकेको छ ।[1] यस कारण त्यस्ता प्रसिद्ध कविको विषयमा विविध दृष्टिले विचार गर्नु राम्रो छ भन्ने कुरा भनिरहनुपर्दैन ।

हरिवंश शर्माको विषयमा वि. सं. २०३३ देखि मैले खोजीनिती गर्न थालेको हुँ भन्ने कुरा मैले अन्यत्र लेखिसकेको छु ।[2] हरिवंश शर्माको खोजीनिती गर्ने प्रसङ्गमा, उनले घरजग्गा किन्दा गरिएका दुइवटा फार्सेपत्रमा मेरो आँखा पर्न गएकोले हालसम्म नछापिएका ती फार्सेपत्र यहाँ छपाउने काम गरिएको छ ।

यहाँ छापिन लागेका, ताडपत्रमा लेखिएका दुवै फार्सेपत्रको माइक्रोफिल्म नेपाल राष्ट्रिय अभिलेखालयमा छ । पहिलोको रीलसङ्ख्या ई १८७८/८ र दोस्रोको चाहिँ ई १८७८/९ हो ।

पहिलो पत्र वि. सं. १६८९ को हो । हरिवंश शर्माले आफ्ना गोतिया राघवपति शर्मा र शङ्करपति शर्मा दुइ भाइको पाटन वलटोलको सजिया घर किन्दा बेच्नेहरूले गरिदिएको राजीनामाको बेहोरा पहिलो पत्रमा छ । त्यस फार्सेपत्र-बाट हरिवंश शर्माले आफ्नो घरबाट पश्चिम र उत्तरमा साँध जोडिने आफ्ना गोतियाहरूको साझा घर किनेको बुझिएको छ ।

दोस्रो पत्र वि. सं. १७३४ को हो । हरिवंश शर्माले पाटन हौगलबहालका हलवाई जातका बाजे र नातिको हक-भोगको चार रोपनी खेत किन्दा बेच्नेहरूले गरिदिएको राजीनामाको बेहोरा दोस्रो पत्रमा परेको छ ।

मूल पत्र यस प्रकारका छन्—

बायाँ किनारामा बाँधेर राखेको माटोको गोलाकार छापमा— श्री

१. ॥ श्रेयोस्तु ॥ सम्वत् ७५३ चैत्रशुक्लः ॥ सप्तम्यां तिथौ श्रीललितब्रुमायां श्रीमाणि-
ग्लके नैऋत्यकोलिके वंलानिह्मंद्विजवरश्रीराघवपतिसर्म्मनस भ्रात्य द्विजवर-
श्राशंकलपतिसर्म्मनस द्वयो नाम्नेण स्वक्रायं स्वभुज्यमानिकं स एव वंलानिह्मं स्वगोत्र-
द्विजवरश्रीहरिवंशसर्म्मनस नाम्ना शकाशात् ॥ वंलानिह्मं येता स्वतगृहनामप्रदेशे ॥
ग्राहकस गृहशिमायां पश्चिमतः ॥ उत्तरतः ॥ स्वगोत्रद्वि-
२. -जवरश्रीदामोदुरसर्म्मनस गृहशिमायां पूर्व्वतः ॥ ननिशिमायां दक्षिणतश्चः ॥ एतेषा-
म्मध्ये ननिन दक्षिणप्रवेश उत्राभिमुख दक्षिणगमन ता गृह लिफु हङफुलिवि
जाव पाताल वन दाङन खा छि १ जव स्व ३ परिमान जुरो एतत्गृहवस्थितबाहिरि-

---

१. वि. सं. २०४० मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित, ज्ञानमणि नेपालको *नेपाल निरुक्त*का ३६३-३८० पृष्ठ ।
वि. सं. २०३७ मा प्रकाशित *पूर्णिमा*को ४८ अङ्कका ९-१८ पृष्ठमा छापिएको, महेशराज पन्तको *हरिवंश शर्माको नीतिभुजङ्गप्रयात* भन्ने निबन्ध ।

२. *पूर्णिमा*को ४८ अङ्कका ९-१० पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

द्वाराङ्गनस्यंदिनीकायक्षणीस्थाप्नशिखरिसंछानस्वसिमासह ।। शकर्षकं स्मपरिभोज्ञं जथानगलकारप्रवर्त्तमानेन सञ्चा-

३. रार्घेन यथोच्चितमूल्यमादाय क्रीविक्रीस्वादिनेन तेनानिवृत्तकंन्यायेण क्रयेण विक्रीयत-म्भवति यदि श्याद्देविकराजिक विना ता गृह संकटव्यावादकाले तदा धार्ण्णकेण परिसोधनियं अत्र पत्रार्थे साक्षि भ्रातापुत्रद्विजवरश्रीछत्रपतिसर्म्मन दृष्ट ।। क्रीप्न सर्व्वसोधान पाचकं धुंग्व जुरो ।। लं ह्ङायार्थे जुरो ।। शुभं ।।

(पछाडिपट्टि)

वंलानि ह्मं येता

स्वतछे या

बायाँ किनारामा बाँधेर राखेको माटोको गोलाकार छापमा— श्री

१. १ श्रैयो ऽस्तु ।। सम्वत् ७९७ भाद्रपदशुक्ल ।। द्वितियान्तिथौ श्रीललितब्रुमायां श्रीमाणिग्लके पश्चिमस्थ वंलानिह्मं गृहद्विजवरश्रीहरिवंशशर्म्मणस नाम्ना सकाशात् हतिग्लबाहार येकुरिगृह राजकर्ण्णिकारमाधवभारो पौत्ररामेश्वरभारो

२. उभयस नाम्नेन स्वकीयं स्वभुज्यमानिकं ध्वरोक्वक्षेत्रनामप्रदेशे येखालंषु नरहरि-भारोया क्षेत्रेन पश्चिमत ।। भनसारया क्षेत्रेन उत्तरत ।। श्रीश्रीराजया क्षेत्रेन पूर्व्वत ।। पण्डवभारोया क्षेत्रेन दक्षिणत ।। एतन्मध्य ता क्षत्र द्वयोरोपनिकं रोव नसि २ भू-

३. य आग्नेदिशे व्वाक वाजो भूय पूर्व्वदिशे व्वाक रोव नसि २ चतुराघात नोग्ल विश्व-माहातया क्षेत्रेन पश्चिमत ।। उत्तरत ।। पण्डवभारोया व बुबाहार उजोतसिंहजुयाव द्वयो क्षेत्रेन पूर्व्वत ।। मार्ग्गेन दक्षिणत ।। एते क्षेत्र शकर्षक समपरिभोज्ञ यथा न-

४. गरकारप्रवर्त्तमानस्तथा संचारोर्घन यथोचिन्मूल्यमादाये क्रयविक्रयस्वाधिनेन तेनानिवर्त्तकंन्यायण क्रेण विक्रयेतम्भवति यदि श्याद्दैविकराजिकविना ता नेचात्र क्षेत्रस संकटव्यावादकारे तदा धार्ण्णकेन परिसोधनियं अत्र पत्रा-

५. र्थे साक्षि स्वगोत्रपुत्र भीमेश्व यते दृष्ठः ।।[४]

(पछाडिपट्टि)

१ ध्वल्व कोवु

रोव ४

---

४. यति अर्कै टाँकाले लेखिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. क्रनं. १५५/२४९

कार्यालय-

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४२ चैत्र

यस अङ्कको मूल्य रु. २०।-

मुद्रक—

लुष प्रेस

ब १, ३७३ काठमाडौं-१